जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वडा दशैं छैठौं दिन



माँ कात्यायनीको पूजा
चंद्रहासोज्ज्वलकरा शार्दूलवरवाहना।
कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी॥

वर्ष २५ •अंक १३४ • २०७९ साल आश्विन १५ गते शनिबार (1 October, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रतिनिधिसभा र प्रदेशसभा अन्त्य बारे अन्योलता
# सुविधा खोस्न कानून अभाव

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल बारे अन्योल बढ्दै गएको छ। संविधान र निर्वाचन ऐनमा स्पष्ट व्यवस्था नहुँदा अन्योलता बढ्दै गएको हो । संविधानमा सांसदको कार्यकाल शुरु भएको उल्लेख गरिए पनि अन्त्य हुने बारे स्पष्ट व्याख्या र प्रावधान नहुँदा जटिलतासँगै अन्योलता देखिएको छ।

संविधान र निर्वाचन ऐनमा संसद स्थापना र सांसद निर्वाचित भएर प्रमाणपत्र पाएको मितिदेखि पाँच वर्ष कार्यकाल तोकिएको छ। तर संसद विघटन हुने व्यवस्था नराख्दा यी अन्योलता देखिएको प्रदेशसभाका सचिव रञ्जित यादवले बताए । तर, मंसिर २२ गतेदेखि सभामुखको पद स्वतः खारेज हुने छन् । 'संविधानमा ५ वर्ष भनेर लेखेको छ। प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचित भएको मितिदेखि भनेको छ । त्यो भनेको व्यक्ति निर्वाचित भएपछि प्रमाणपत्र पाएको मिति हो,'उनले भने,'पहिलो सांसद निर्वाचित भएको ०७४ मंसिर २२ गते हो । निर्वाचित भएको मितिदेखि भनेपछि मंसिर ११ र २२ लाई आधार मान्नु पर्छ। किनभने ०७४ मा यही दुई मितिमा दुई चरण गरी निर्वाचन सम्पन्न भएको थियो।'

सचिव यादवका अनुसार निर्वाचन घोषणा हुने बित्तिकै समयावधि सकिने अवस्था छैन। समानुपातिकको बन्द सूचीमा नाम परिसकेपछि कार्यकाल सकिने हो भने आयोगले नाम पनि सार्वजनिक गरेको छैन । त्यसैले समानुपातिकको सूची प्रकाशित गरेपछि प्रदेशसभा सदस्यको नाम परेको छ भने स्वतः हट्न सक्थ्यो। त्यो पनि भएको छैन्।

> **यो अन्योलताले दिनप्रतिदिन जटिलता बढ्दै गएका कारण प्रदेशसभा जीवित छ वा कार्यकाल समाप्त भइसक्यो दुबिधाजनक अवस्थाको सामना गर्नु परिरहेको सचिव यादवले बताए ।**

०७४ सालमा प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव ०७४ मंसिर १० र मंसिर २१ गते दुई चरणमा सम्पन्न भएको थियो। हिमाली र उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा मंसिर १० र पहाड तथा तराईको जिल्लाहरुमा मंसिर २१ मा निर्वाचन सम्पन्न भएको थियो। निर्वाचन आचार संहिता लागु भएपछि पनि पद खारेज हुने व्यवस्था कतै उल्लेख गरिएको छैन्। यी अन्योलता कारण प्रदेशसभाले दलका नेता र सचेतकलाई दिएको सेवा सुविधा खोस्न नसकिएको उनले बताए । प्रदेशसभाले उनीहरुलाई मासिक तलव भत्ता, सवारी, सञ्चार, इन्धन र अतिथि खर्च लगायत दिने गरेका छन्।

विधानमा सांसद पद खारेज हुने स्पष्ट व्यवस्था नहुँदा सरकारले ती पदका व्यक्तिहरुलाई सेवा सुविधा वापत लाखौं रकम तिर्नु परेको छ। उनीहरु अहिले पनि प्रदेशसभाले उपलब्ध गराएको सवारी प्रयोग गर्ने गरेका छन्। उनीहरु अहिले पनि सोही पद अनुसार सार्वजनिक ठाउँमा मान सम्मान पाइराखेका छन्। कतिपय प्रदेशमा सांसदशरु विदाइ गरिसकेको छ। तर मधेश प्रदेशको प्रदेशसभाले न त विदाइ आयोजना गरेको न त सेवा सुविधा फिर्ता गराउन सकेको छ।

यो अन्योलताले दिनप्रतिदिन जटिलता बढ्दै गएका कारण प्रदेशसभा जीवित छ वा कार्यकाल समाप्त भइसक्यो दुबिधाजनक अवस्थाको सामना गर्नु परिरहेको सचिव यादवले बताए।

## डेंगी के हो ? लक्षण र बच्ने उपाय

डेंगी एक प्रकारको ज्वरो हो। डेंगी भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ। यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ। यसले स–साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ।
खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, प्लास्टिकका खाली डब्बा, थोत्रो टायर, फुलदानी, गमला, पानीका ट्ंयाकी आदिमा यस्ले फुल पार्दछ।

**लक्षणहरू**
- टाउको, ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- पेट दुख्ने, वाकवाकी लाग्ने
- शरीरमा विमिरा आउने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि

**बच्ने उपायहरू**
- लामखुट्टेको टोकाइबाट बच्न शरिर ढाक्ने लुगा लगाउने
- लामखुट्टेको वृद्धि रोक्न पानी जम्न नदिने
- पानी ट्याङ्की छोपेर राख्ने
- फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
- यो लामखुट्टेले दिउँसो टोक्ने भएका कारण दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश






# विद्यालयको अवस्था अध्ययन प्रतिवेदन पेश

**टुडे समाचारदाता**

वीरगञ्ज । सामुदायिक विद्यालयहरुको अवस्था अध्ययन गर्न गठित उपसमितिले आफ्नो प्रतिवेदन महानगरपालिकामा बुझाएको छ। महानगरको शिक्षा समितिले गठन गरेको उपसमितिले २ हप्ता लगाएर गरेको स्थलगत निरीक्षण पछि तयार पारिएको प्रतिवेदन मेयर राजेशमान सिंहलाई बुझाएको छ।



महानगरमा रहेका सामुदायिक विद्यालयहरुको भौतिक अवस्थाको अध्ययन गर्न महानगरको शिक्षा समितिले प्रदीप केडियाको संयोजकत्वमा एक उपसमिति गठन गरेको थियो । उक्त उपसमतिले महानगरका ९० वटै सामुदायिक विधालयमा पुगेर त्यहाँको भौतिक र शैक्षिक अवस्थाका बारेमा स्थलगत निरीक्षण गरेको थियो । स्थलगत निरीक्षणका क्रममा धेरै जसो सामुदायिक विद्यालयहरुमा विधार्थीलाई बस्ने डेस्क बेञ्चकै अभाव रहेको पाइएको उपसमितिकी सदस्य डाक्टर सुष्मा तिवारीले बताइन ।

उनका अनुसार , महानगरका सामुदायिक विद्यालयहरुलाई १ हजार ८ सय ७५ सेट डेस्क बेञ्चको अभाव रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। डेस्कबेञ्च अभावमा विद्यार्थी एउटै डेस्कबेञ्चमा कोचिएर बस्नु पर्ने समस्या रहेको तथा केही ठाउँमा भुईंमै बसेर पढ्नु पर्ने बाध्यता रहेको देखिएको तिवारीको भनाइ छ।

मेयर सिंहलाई प्रतिवेदन बुझाउँदै उपसमितिका संयोजक केडियाले महानगरका सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि प्रतिवेदनमा समेटिएका समस्या सुधार गर्नुपर्नेमा जोड दिए । स्थलगत निरीक्षणका क्रममा बजार क्षेत्रमा सञ्चालित अधिकांश सामुदायिक विद्यालयमा भवन तथा कक्षाकोठाका साथै डेस्कबेञ्चको अभाव देखिएको छ।

महानगरकै ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा भने कक्षाकोठामा जस्तापाता लगाउनुपर्ने, झ्यालढोका मर्मत गर्नुपर्ने, शौचालय, पिउने पानी, पंखा अभाव जस्ता समस्या भेटिएको छ । उपसमितिले दिएको प्रतिवेदनमा ६१ वटा नयाँ कक्षाकोठा निर्माण गर्नुपर्ने, ७१ वटा कक्षाकोठा मर्मत गर्नुपर्ने, २३ वटा शौचालय निर्माण गर्नुपर्ने, ५ वटा शौचालय मर्मत गर्नुपर्ने र ४ सय १९ वटा पंखा जडान गर्नुपर्ने आवश्यकता रहेको उल्लेख छ।

यस्तै १ सय ३२ वटा झ्याल ढोका बनाउनुपर्ने, १३ वटा कोठामा जस्तापाता छाउनुपर्ने, १९ थान चापाकल जडान गर्नु पर्ने, १४ वटा विद्यालय मैदानमा माटो पुर्नु पर्ने लगायतका समस्या प्रतिवेदनमा देखाइएको छ । उपसमतिको प्रतिबेदन बुझ्दै मेयर सिंहले सामुदायिक विद्यालय सुधारका लागि उसमितिले औंल्याएको समस्या समाधानका लागि दसैं लगत्तै विस्तृत कार्ययोजना बनाएर अगाडि बढ्ने बताए । कतिपय विद्यालयमा शिक्षक नियमित नआउने, आर्थिक अपारदर्शिता, न्यून विद्यार्थी संख्या जस्ता समस्या पनि देखिएकाले त्यसलाई पनि सम्बोधन गर्ने गरी काम गरिने मेयर सिंहले बताए।

# मिथिलाञ्चलमा झिझिया नृत्य हुँदै

**टुडे समाचारदाता**

जलेश्वर । वडादसैंको आगमनसँगै महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा पर्साको तराई-मधेसका सम्पूर्ण जिल्ला तथा भारतको सीतामढी र मधुवनी जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा झिझिया नृत्य सुरु भएको छ । सुख, समृद्धि र पारिवारिक सुरक्षाको लोक अनुष्ठानका रुपमा झिझिया नृत्य महोत्तरीलगायत मिथिलाञ्चलभरि सुरु भएको छ । यस नृत्यमा पूर्णरुपमा तान्त्रिक विधिअनुसार घटस्थापनादेखि दशमीसम्म देवी दुर्गा स्तुतिको लोक परम्परामा आधारित लोकनृत्य प्रस्तुत गरिन्छ।



झिझियाको बनावट र स्वरुपभित्र जादू टुनामुना बोक्सी आदिको प्रभावलाई कम गर्न अनुष्ठान प्रारम्भ गरिएको मानिन्छ। बलिरहेको दियो भएको असङ्ख्य प्वाल पारिएको घैंटो टाउकामा राखी नृत्य गर्ने गरिन्छ।

समाजमा प्रचलित आम विश्वासअनुसार गाउँकी बोक्सी महिला जादू मन्त्र सिकेर त्यसको सिद्धिका लागि गाउँका जन्मजात, बालबालिकालाई कुनै कारणीद्वारा मारेर मसानमा त्यही मरेको बच्चालाई ज्यूँदो पारी नाङ्गै नृत्य गर्छ। विजया दशमीका अवसरमा यस्ता घटनामा वृद्धि हुन थालेपछि महिला नै एउटा धार्मिक, सांस्कृतिक अनुष्ठानको सुरुआत गरी भगवती दुर्गाको स्तुति र गुण प्रहार गर्न बोक्सीको प्रहार शक्तिलाई निस्तेज पार्न झिझिया लोक नृत्यको प्रारम्भ गरे, जो आजसम्म चलिरहेको छ। आफ्ना शाखा सन्तान, परिवारको सुस्वास्थ्य र दीर्घजीवनको कामना यस नृत्यको पृष्ठभूमिमा रहेको छ। झिझिया लोक नृत्यको अर्को उद्देश्य दशमीका बेला माता दुर्गालाई स्तुति गर्नु पनि रहेको छ।

झिझिया लोकनृत्य सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा क्षेत्रलगायत भारतीय क्षेत्र बेनीपट्टि, मधुवनी, जयनगर, सीतामढी, सहरसा आदि क्षेत्रमा पनि प्रस्तुत गरिन्छ। झिझियामा प्रयोग हुने घैंटोमा गरिएका असङ्ख्य प्वाल र त्यसलाई टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकाको दायाँबायाँ हल्लाइरहने प्रवृत्तिले यसको नीहित विशेष अर्थलाई सङ्केत गर्छ। महिलाको टाउकामा राखिएको घैंटोको प्वाल कुनै बोक्सीले गन्यो भने त्यो नाच्ने महिला ठहरै हुन्छ भन्ने जनविश्वास रहेको छ।

यसमा देवी स्तुति गरिएको र बोक्सीलाई गाली गरिएको गीत प्रस्तुत गरिने चलन रहेको छ। यसमा पाँचदेखि २५ महिलाको टोली हुन्छ। त्यसमध्ये एक वा दुई जनाको टाउकोमा घैंटो राखिएको हुन्छ । एक विशेष ताल र आरोहअवरोहमा गाइने गीतको बोलसँगै टाउकामा घैंटो राख्ने महिला चारैतिर फन्को मार्दै दुवै हातले गीतको भाउ र लयमा ताली बजाउँदै जाँदा अद्भुत वातावरणको निर्माण हुन्छ र महिला यस लोक अनुष्ठानमा सुर बिर्सेर तल्लीन भइरहेका हुन्छन्। नृत्यसँगै गाइने गीतमा बोक्सीलाई गाली गरिएको हुन्छ, बोक्सीलाई गाली गरियो भने त्यसको मारक क्षमता कमजोर हुन्छ र बालबच्चाको सुरक्षा हुन्छ भन्ने जनविश्वास पनि रहेको छ । झिझिया नृत्यमा बोक्सीलाई गाली मात्र गरिँदैन उसलाई यसरी धम्क्याउने काम पनि गरिन्छ। मिथिलामा झिझिया नृत्यको आफ्नै मौलिकता, पहिचान र इतिहास छ। गाग्रीमाथि धधकिरहेको आगोको डल्ला लिएर नृत्य गर्नु आफैँमा साहस र कलाको अलौकिक प्रदर्शन हो झिझिया नृत्य।

समाज रुपान्तरणका क्रममा रहेको समयमा यो लोकनृत्य शुक्रबार पनि गाउँघरमा मात्रै नभइ सहरमा समेत प्रचलनमा छ र यसलाई निरन्तरता दिइँदैछ । बास्तवमा नृत्य प्रदर्शन गर्ने कला पनि हेर्ने योग्य हुन्छ। चार/पाँच वर्षका बालबालिकादेखि लिएर तरुणी र अधबैंसेसम्म यस नृत्यमा सहभागी हुने गर्छन्। टाउकोमाथि राखिएको घैंटो र त्यसमाथि उज्यालो दिइरहेको आगोको डल्ला लिएर नृत्य गर्नु आफैँमा एउटा ठूलो कलाको प्रदर्शन गर्नु हो । खासगरी यसरी नृत्य गर्दा बोक्सीको शक्ति क्षीण हुन्छ भन्ने जनविश्वास छ। नृत्यका बेलामा बोक्सीलाई सक्दो गाली गरिन्छ।

बोक्सीलाई आधार मानेर यस संस्कृतिलाई निरन्तरता दिनु अन्धविश्वासबाहेक अरु केही मान्न नसकिने भन्नेको पनि कमी छैन । झिझिया नृत्यमा प्रदर्शन गरिने कलालाई रुपान्तरित समाजमा परिस्कृत गर्दै अगाडि बढ्दा झिझिया नृत्य अझै लोकप्रिय र समाजले त्यसबाट केही लिनसक्ने छन्।

# अधुरो भवन बनाउन सहयोग गर्ने प्रतिवद्धता



**ओम प्रकाश यादव**

रौतहट। शिवनगर स्थित दुर्गा मन्दिरको अधुरो भवन निर्माणका लागि विभिन्न व्यक्तिले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

माधवनारायण नगरपालिकाका पूर्व मेयर वीरेन्द्र प्रसाद यादवले जिल्लाको गरुडा नगरपालिका ५ शिवनगरमा हालै निर्माण गरिएको दुर्गा मन्दिरको अधुरो भवन निर्माणको काम आफूले गराउने प्रतिवद्धता जनाएका छन्।

विजया दशमीको अवसरमामा दुर्गापूजा समिति शिवनगरले शुक्रवार शिवनगर स्थित दुर्गा मन्दिर परिसरमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रममा पूर्व मेयर यादवले आफू अहिले मेयर पदमा नभएपनि प्रदेश वा केन्द्र सरकारबाट बजेट ल्याएर उक्त मन्दिरको अधुरो भवन निर्माण कार्य पूरा गर्ने घोषणा गरे।

यसअघि आफू मेयर पदमा हुँदा सो मन्दिर निर्माणका लागि ५ लाख रुपैया सहयोग गरेको बताउँदै यादवले यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्न मन्दिरसहित थप भौतिक संरचना निर्माणमा आफूले सहयोग गर्ने बताए। उनले शिवनगरमा अहिले भइरहेको दुर्गा पूजाका लागि समेत ५ हजार एक सय रुपैया सहयोग गर्ने घोषणा गरे।

सोही कार्यक्रममा गरुडा नगरपालिकाका मेयर कन्थमनी प्रसाद जयसवालले सो मन्दिर निर्माणका लागि विगतमा पनि आफूले सहयोग गरेको र आगामी दिनमासमेत सहयोग गर्ने प्रतिबद्धता जनाए।

शिवनगर सहित गरुडा नगरवासीले आफूप्रति देखाएको सद्भावले आफूलाई थप जिम्मेवार बनाएको मेयर जयसवालले बताए। सकेसम्म छिटो छरितो ढंगले महादेव मन्दिरको नामले जिल्लाकै प्रख्यात धार्मिक पर्यटकीय गन्तव्य शिवनगर दुर्गा मन्दिरको बाँकी भौतिक संरचना निर्माणमा जुट्ने मेयर जयसवालले घोषणा गरे।

सो क्रममा गरुडा नगर प्रमुख जयसवालले दुर्गा पूजाका लागि आफना व्यक्तिगत तर्फबाट ५१ हजार रुपैंया सहयोग गर्ने घोषणा गरे।

कार्यक्रममा देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साहले पनि शिवनगरमा भइरहेको दुर्गा पूजाका लागि १० हजार रुपैया सहयोग गर्ने प्रतिबद्धता जनाए।

# रुपान्तरण र परिवर्तनका लागि शिक्षित, निडर अगाडि बढाउनुपर्ने

**टुडे समाचारदाता**

रौतहट। नेपाल प्रहरीका पूर्व वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) तथा नेपाली कांग्रेस विपीका केन्द्रीय सदस्य प्रदिप श्रेष्टले समाज रुपान्तरण र परिवर्तनका लागि शिक्षित, निडर व्यक्तिलाई अगाडि बढाउनुपर्ने बताएका छन।



समाजलाई परिवर्तन गर्न सक्ने र देशलाई विकासको गतिमा अगाडि बढाउन सक्ने खालका व्यक्ति अगाडि नबढेसम्म समाज र देशमा कहिल्यै परिवर्तन हुन नसक्ने नेता श्रेष्ठले बताए।

कटहरियामा शुक्रवार स्थानीयहरुसँग अन्तरक्रिया गर्दै उनले आम नागरिकले रक्सी, मासु, पैसा लगायतको प्रलोभनमा परेर समाजलाई परिवर्तन नै गर्न नसक्ने गलत र असक्षम व्यक्तिलाई जनप्रतिनिधि चुन्ने गरेको कारण देश पछाडि परेको बताएका छन्।

आम नागरिक जागरुक, होसियार र चेतनशील नभएसम्म देशमा परिवर्तनको कल्पना नै गर्न नसकिने उनले धारणा राखे। आउँदो निर्वाचनमा जाति, पार्टी, व्यक्तिभन्दा माथि उठेर काठमाण्डु महानगरपालिकाका मेयर बालेन साह जस्ता भिजन, सोच र काम गरेर देखाउने इच्छाशक्ति भएका व्यक्तिलाई मात्र साथ दिन उनले सबैलाई आग्रह गरे।

# इलाका प्रहरी कार्यालय उद्घाटन

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको कालिकामाई गाउपालिका वडा नम्बर ५ बिरन्चीबर्वामा नवनिर्मित ईलाका प्रहरी कार्यालय भवनको शुक्रबार उद्घाटन गरिएको छ। नेपाल प्रहरीका मधेश प्रदेश प्रमुख डिआईजी मसाउद आलम खाँले उक्त प्रहरी भवनको उद्घाटन गरेका छन्।



कालिकामाई गाउपालिकाले उपलब्ध गराएको ७ कठ्ठा जग्गामा प्रहरी प्रधान कार्यालयले २ करोड ३२ लाख रुपैयाको लागतमा इलाका प्रहरी कार्यालयको भवन निर्माण गरेको छ। नवनिर्मित भवनमा आधुनिक कार्यालय,प्रहरी ब्यारेक,महिला प्रहरी व्यारेक,संचार शाखा,कार्यालय प्रमुखको कार्यकक्ष,शौचालय,थुनुवा कोठा र भान्सा कोठा निर्माण गरिएको छ।

२०७७ सालमा तत्कालीन गाउपालिका अध्यक्ष स्वर्गीय नथुनी कुशवाहाको नेतृत्वमा रहेको कार्यपालिकाले प्रहरी भवनको लागि ७ कठ्ठा जग्गा खरिद गरेको थियो। जग्गा व्यवस्थापन भएपछि कालिकामाई गाउपालिका वडा नम्बर ५ का तत्कालीन वडा अध्यक्ष पवन तिवारीको अगुवाइमा तत्कालीन नेपाल प्रहरीका आईजिपी सर्वेन्द्र खनालले भवन निर्माणको लागि टेण्डर प्रकृया अगाडि बढाएका थिए । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत ,कालिकामाई गाउपालिकाका अध्यक्ष बशिष्ठ कुमार , सशस्त्र प्रहरी उपरिक्षक तेजप्रकाश पोखरेल,नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारी लगायतको सहभागिता रहेको थियो।

# दसैंको विदाको समयमा पनि संचालन रहने

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालको सर्वाधिकविश्वासिलो नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले दसैंको विदाको समयमा पनि यस कम्पनीले जिज्ञासा तथा गुनासो सुनुवाईका निम्ति अबर्ी अभलतभच सुविधा सुचारु राख्ने भएको छ।




यस इन्स्योरेन्सले आफ्नो ऋबर्ी ऋभलतभच दशैंको विदाको अवधि (दशैंको टिकाको दिनबाहेक) बिहान १० बजे देखि बेलुका ५ बजे सम्म संचालन गर्नेछ।

ग्राहकहरुले यस इन्स्योरेन्सको ऋबर्ी ऋभलतभच मा ऋबर्ी , इमेल, ध्जबतकबउउ, ख्ष्दभच मार्फत आफ्नो गुनासो वा जिज्ञासा दर्ज गराउन सकिन्छ। यसबाट ग्राहकहरु लाभन्वित हुने विश्वास इन्स्योरेन्सले लिएको छ। देशैभरि फैलिएर रहेका नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका १ सय ८९ शाखा तथा उपशाखाहरुबाट बीमा सम्बन्धी सम्पूर्ण सेवाहरु सरल, सहज, तवरले प्रदान गर्दै आइरहेको छ।


## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कूम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# इयुको प्राविधिक टोली नेपाल आउने

काठमाण्डु । नेपालको हवाई उड्डयन क्षेत्रबारे अडिट गर्न युरोपेली सङ्घ (इयु) को प्राविधिक टोली नेपाल आउने भएको छ । उक्त टोलीको ' अडिट'पश्चात् विगत १० वर्षदेखि इयुको 'उड्डयन सुरक्षा सूची'मा रहेको नेपाल हट्ने विश्वास लिइएको छ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार दसैँलगत्तै इयुको प्राविधिक टोली नेपाल आएर हवाई क्षेत्रको अडिट गर्नेछ । प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले यही असोजको अन्तिम हप्ता उक्त टोली नेपाल आउन लागेको जानकारी दिनुभयो । नेपालले पछिल्ला दिन हवाई सुरक्षादरमा वृद्धि गरेकाले इयुको सुरक्षा सूचीबाट हट्ने सम्भावना रहेको उहाँले बताउनुभयो।

यसअघि सन् २०१४ मा इयुको टोली नेपाल आएको थियो। इयुको टोली आठ वर्षपछि नेपाल आउन लागेको हो। उक्त प्राविधिक टोलीले पाँच दिनसम्म अडिट गर्ने प्रवक्ता निरौलाले जानकारी दिनुभयो। उक्त टोलीले लेजिस्लेसन, अर्गनाइजेसन, पर्सनल लाइसेन्सिङ, फ्लाइट अपरेशन, एयर वर्थनेसन, एक्सिडेन्ट इन्भेस्टिगेसन, एयर नेभिगेसन सर्भिस, एरोड्रोम एण्ड ग्राउन्ड एड्सलगायत आठ क्षेत्रमा अध्ययन गर्ने प्राधिकरणले जनाएको छ।




अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को अडिट प्रतिवेदनमा नेपाल ग्लोबल एभरेजभन्दा माथि रहेकाले इयुको सो टोलीको अडिटपछि सुरक्षा सूचीबाट हटेर नेपाली वायुसेवा कम्पनीले युरोपमा उडान गर्न पाउने प्रवक्ता निरौलाले बताउनुभयो।

यसअघि नेपालको हवाई उड्डयन सुरक्षामा जोखिम बढेको जनाउँदै आइकाओ ले सन् २०१३ मा नेपाली वायुसेवालाई गम्भीर सुरक्षा चासोको सूचीमा राखेको थियो। पछि सन् २०१७ मा नेपालले प्रगति गरेको भन्दै आइकाओले सुरक्षा सूचीबाट हटाएको थियो। अहिले एशिया प्रशान्त क्षेत्रको ग्लोबल हवाई सुरक्षादर ६७ पुगेको छ।

आइकाओले गरेको पछिल्लो अडिटमा नेपाली आकाश सुरक्षित देखिएको छ । आइकाओको सेफ्टी अडिटमा नेपालले ७०.१ प्रतिशत अङ्क पाएको थियो । आइकाओको टिमले १३ अप्रिलदेखि २५ अप्रिलसम्म विस्तृत अध्ययन तथा मूल्याङ्कन गरी नेपाली उड्डयन क्षेत्रको सुरक्षा स्कोर बढेको रिपोर्ट प्राधिकरणलाई बुझाएको थियो। आइकाओले नेपालको हवाई क्षेत्र सुरक्षित रहेको बताए पनि इयुले कालोसूचीबाट नेपाललाई हटाएको छैन । प्राधिकरणले पनि पटक-पटक नेपाललाई कालोसूचीबाट हटाउन माग गर्दै आएको छ।

इयु अन्तर्गतको युरोपेली आयोगले सन् २०१३ देखि नेपालको हवाई क्षेत्रमाथि गम्भीर सुरक्षा चासो देखाउँदै कालोसूचीमा राखेको थियो। सन् २०१३ बाटै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को गम्भीर सुरक्षा चासो (एसएससी) को सूचीमा राखेकोमा सन् २०१७ जुलाईबाट हटाएको थियो । नेपाल आइकाओको गम्भीर सुरक्षा सूचीमा परेलगत्तै इयुले पनि नेपाललाई उडान सुरक्षामा चासो देखाउँदै उक्तसूचीमा राखेको थियो।

**सुरक्षासूचीबाट हट्ने आधार**

इयुले उठाएका सुरक्षा चासोका विषय सम्बोधन भइसकेको र नेपालको हवाई सुरक्षाको अवस्थामा सुधार आएकाले यो पटक नेपाल इयुको सुरक्षासूचीबाट हट्ने प्राधिकरणका प्रवक्ता निरौलाले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "अब, इयुको सुरक्षा सूचीबाट नेपाल हट्छ। हामीले हवाई सुरक्षादरमा उल्लेख्य प्रगति गरेका छौँ। अन्य धेरै कुराको सुधार भएको छ।"

तत्कालीन समयमा आइकाओको अडिटमा नेपालको सुरक्षादर कम देखिएको थियो । सोहीलाई आधार मानेर इयुले नेपाललाई सुरक्षा सूचीमा राखेको थियो । पछिल्लो समय आइकाओको अडिटले पनि नेपालको सुरक्षादर माथि देखाएकाले सुरक्षा सूचीमा राखिरान्न नपर्ने प्राधिकरणको आग्रमबमोजिम इयुको टोली नेपाल आउन लागेको प्रवक्ता निरौलाले बताउनुभयो।

"इयुले पहिला जुन इसु उठाएको थियो र नेपालको हवाई सुरक्षाको अवस्थामा सुधार आएको आइकाओले पनि पुष्टि गरेको छ। पछिल्लो हवाई दुर्घटनादर पनि घटेको छ । यही कारणले हामी इयुको सुरक्षा सूचीबाट हट्छौ भन्ने आशाावदी छौँ", उहाँले भन्नुभयो।

इयुको सुरक्षा सूचीका कारण नेपालमा दर्ता भएका अन्तराष्ट्रिय वायुयान इयुमा उड्न पाएका छैनन् । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले युरोपका आकाशमा उडान भर्न पाउँदैनन् तर, युरोपका जहाजले नेपालको आकाश सहजरुपमा प्रयोग गर्न पाउँछन्।

उडान सुरक्षाको क्षेत्रमा आइकाओबाट औँल्याइएको गम्भीर कमीकमजोरीलाई निराकरण गर्न नेपालले गरेका अथक प्रयासका कारण २०१७ मा सम्पन्न उडान सुरक्षा सम्परीक्षण अडिटपश्चात् नेपाल गम्भीर सुरक्षा चासोयुक्त मुलुकको सूचीबाट हटेको थियो । आइकाओले विश्वव्यापी उडान सुरक्षा सुपरीवेक्षणअन्तर्गत आफ्ना सदस्य राष्ट्रको उडान सुरक्षा स्थितिको नियमितरुपमा मूल्याङ्कन गर्छ। आइकाओले वर्गीकरण गरेको क्षेत्र हवाई कानुन, नागरिक उड्डयन सङ्गठन, व्यक्तिगत इजाजतपत्र, वायुयान सञ्चालन, उडान योग्यता, वायुयान दुर्घटना जाँच, एयर नेभिगेसन सेवा र विमानस्थल सञ्चालन छन्।रासस

# फोहर फाल्न स्थान पहिचानको काम गरिँदै

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले कुहिने फोहर काठमाण्डु उपत्यकामा नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम गरिरहेको छ।

सबै किसिमका फोहर बञ्चरेडाँडा पुऱ्याउँदा पटक-पटक समस्या सिर्जना भएकाले आगामी दिनमा प्रभावकारीरूपमा फोहरको दीर्घकालिन समाधानका लागि स्थान पहिचानको काममा लागेको कामपाले जनाएको छ।

बञ्चरेडाँडामा हानीकारक फोहर व्यवस्थापन नगर्ने योजनाअनुरुप कामपाले यस किसिमको अध्ययास सुरु गरेको हो । कामपा प्रमुखको सचिवालयका सदस्य सुनिल लम्सालले भन्नुभयो, "उपत्यकामा तीन स्थानको पहिचान भएको छ । बीचमा केही अवरोध नआए आगामी मङ्सिरदेखि उक्त कामको थालनी हुने छ। त्यस विषयमा सम्बन्धित स्थानका स्थानीयसँग छलफल भइरहेको छ।"



फोहर व्यवस्थापन गर्न एउटा ठाउँमा कम्तीमा करिब ५० रोपनी जग्गा आवश्यक पर्ने छ । हाल कामपा र अन्य १७ स्थानीय तहसहित उपत्यकाको १८ स्थानीय तहको फोहर अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा लैजाने गरिएको छ। यो नै उपयुक्त विकल्प नभएकाले कुहिने फोहरलाई उपत्यकामा नै र नकुहिनेलाई अन्तिम व्यवस्थापनका लागि उक्त स्थानमा लैजान कामपाले स्थान पहिचान गरिरहेको छ।

अन्य सम्भावित स्थानको पहिचान गर्ने कार्य जारी छ । हालसम्म उपलब्ध भएका जग्गा ५० रोपनीदेखि एक सय ५० रोपनीसम्म छ । यसअघि विगत १६ वर्षदेखि उपत्यकाको १८ स्थानीय तहको फोहर नुवाकोटको सिसडोलमा व्यवस्थापन गरिँदै आएको थियो ।रासस

# 'संचारमाध्यमले विश्वसनीयता बढाउन निष्पक्ष रिर्पोटिङ्ग गर्नुपर्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । संचारमाध्यमले विश्वसनीयता बढाउन निष्पक्ष रिर्पोटिङ्ग गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । मिडिया एक्सन नेपालद्वारा आयोजित छलफल कार्यक्रममा समाचार संप्रेषन गर्ने बेलामा संचारमाध्यम गम्भिर हुनुपर्ने सहभागीहरुले धारणा राखेका छन्।




कार्यक्रममा मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मण दत्त पन्तले संचारकर्मीले प्रभाव र दबाबमा नपरि निष्पक्ष, विश्वसनीय र तथ्यपरक समाचार संकलन र संप्रेषन गर्नुपर्ने खाँचो औंल्याए । उनले निर्वाचन आयोगले लागु गरेको अचारसंहिता राजनीतिक दल,उम्मेदवारले मात्रै नभइ संचारकर्मीहरुले पनि पालन गर्नुपर्ने बताए।

निर्वाचनको वेलामा संचारमाध्यमको दुरुप्रयोग हुने सम्भावना बढी रहेको उल्लेख गर्दै उनले नेपालका हरेक पार्टी निकट संचारकर्मीहरुको विभिन्न संघसंस्थाहरु रहेकोले समाचार संप्रेषन गर्ने बेलामा संचारमाध्यम सजग हुनु जरुरी छ बताए।

उनले भने,' निर्वाचन लोकतन्त्रको गहना हो र संचारकर्मी लोकतन्त्रको पहरेदार हो। त्यसकारण 'व्यक्तिगत रुपमा कुनै संचारकर्मी कुनै पार्टीको विचार र सिद्धान्तसँग सहमत हुन सक्छन,त्यो उसको अधिकार र स्वतन्त्रताको कुरा हो, तर आस्था र विचारलाई बाइपास गरी निष्पक्ष र स्वतन्त्र भइ समाचार संकलन गर्नुपर्छ ।'

संचारकर्मी र संचारमाध्यले निर्वाचनको सचारचार निष्पक्ष रुपमा गरेको खण्डमा संचारकर्मी र संचारमाध्यकै विश्वसनीयता बढ्ने अध्यक्ष दत्तको भनाइ थियो।

# दुर्घटना न्यूनीकरणका लागि टाइम कार्ड

चितवन । जिल्लामा पर्ने राजमार्ग भएर चल्ने यात्रुबाहक सवारी साधनमा शुक्रबारदेखि टाइम कार्ड लागू गरिएको छ। तीव्र गतिका कारण दुर्घटना बढेसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालयले टाइम कार्ड लागू गरेको हो।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक धर्मबहादुर अधिकारीका अनुसार तीव्र गतिमा चल्ने यात्रुबाहक बस, मिनीबस, माइक्रो र टिपरबाट हुने दुर्घटना न्यूनीकरणका लागि टाइम कार्ड लागू गरिएको हो।

टाइम कार्ड पाँच स्थानबाट कार्यान्वयनमा ल्याइने उहाँले जानकारी दिनुभयो। लोथर, गोन्द्राङ, आँपटारी, मुग्लिन र मैवाखोलाबाट टाइम कार्ड कार्यान्वयनमा ल्याउन लागिएको हो।

जिल्लामा पर्ने नारायणगढ-मुग्लिन सडक खण्डसहित ९३ किलोमिटर राजमार्गमा प्रतिघण्टा ४० किलोमिटरका दरले टाइम कार्ड कार्यान्वयनमा ल्याइएको हो।

लोथरदेखि गोन्द्राङसम्मको ३० किलोमिटरका लागि ५० मिनेट, गोन्द्राङबाट आँपटारी सात किलोमिटरका लागि १० मिनेट, आँपटारीदेखि मुग्लिन ३४ किलोमिटरका लागि एक घण्टा, गोन्द्राङबाट मुग्लिन ४१ किलोमिटरका लागि एक घण्टा पाँच मिनेट र मुग्लिनदेखि मौवाखोलासम्मको १६ किलोमिटरका लागि २५ मिनेटको समय राखिएको अधिकारीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "हरेक स्थानमा चेकपोष्ट रहने छ। त्यहाँ गएर इन्ट्री गरेर मात्रै सवारी साधनलाई अघि बढ्न दिइने छ।" तोकिएको समयभन्दा छिटो आउने सवारी साधनलाई कारबाही गरिने उहाँले जानकारी दिनुभयो। सवारी साधन लापर्बाही गरी चलाएकामा कारबाही हुने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "टाइमकार्ड लागू भएसँगै राजमार्गमा हुने सवारी दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिएका छौँ।" टाइम कार्डको आज लोथरबाट शुभारम्भ गरिएको अधिकारीले बताउनुभयो।रासस

# 'मासुसँगसँगै फलफूल र तरकारीसहितका फाइबरयुक्त खाना खानुहोस'

चितवन । दसैँ पर्वको अवसरमा मासु मात्रै नखान चिकित्सकले सुझाएका छन् । उहाँहरुले मासुसँगसँगै फलफूल र तरकारीसहितका फाइबरयुक्त खाना खान सुझाव दिनुभएको हो। रातो मासुको प्रयोग भने सकभर नगर्न उहाँहरुले बताउनुभएको छ।

कान्तिपुर हेल्थले शुक्रबार आयोजना गरेको 'चाडपर्वको खाना र स्वास्थ्य' विषयक चिकित्सक पत्रकार अन्तर्क्रिया कार्यक्रममा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका डा गुरुशरण साहले रातो मासु प्रयोग नगर्न आग्रह गर्नुभयो। पोलेको मासुले आन्द्रा, आमाशय, प्रोष्टेटको क्यान्सरको जोखिम बढी हुने डा साहको भनाइ छ। दसैँमा मासु पोल्ने, बार्बेक्यू गर्ने र खाने प्रचलनले गर्दा क्यान्सरको जोखिम बढी भएको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "मासुलाई उच्च तापक्रममा पोल्दा नराम्रो पदार्थ उत्पन्न हुन्छ, जसले क्यान्सर बनाउन मद्दत गर्छ।' सबै खालका मासु तीन सय डिग्री फरेनहाइट तापक्रममा पोल्दै गर्दा दुई खालका केमिकल निस्कने उहाँ बताउनुहुन्छ।

उहाँले सेतो मासु, माछा पनि पोलेर नखान सुझाव दिनुभयो । भरतपुर सामुदायिक अस्पतालका वरिष्ठ फिजिसियन डा महेन्द्र अग्रहरिले चाडपर्वमा बढी खाने हुँदा पाचन प्रक्रियामा समस्या आउने, स्मरणशक्ति कम हुने, मधुमेहको समस्या बढ्ने र उच्च रक्तचापको समस्या देखिन सक्ने बताउनुभयो । यससँगै तयारी खाना, तारेका खान खाँदा शरीरलाई हानी पुग्ने उहाँ बताउनुहुन्छ। मासु बोसो नभएको सन्तुलित प्रयोग गर्न सुझाव दिँदै उहाँलेभन्नुभयो, "सागपात, सलाद, बोक्रा भएको फलफूल थोरै खाने तर बारम्बार खाने गर्नुपर्छ।'

डा अग्रहरिले भन्नुभयो, "बढी मासु प्रयोग गर्दा मुटुमा हर्मनको गडबड हुन्छ । जसले मुटुको चाल र चाप बढाउँछ।' धेरै मासु खाएकै कारण दीर्घकालीन रोग बढाउन सक्नेतर्फ उहाँले सचेत गराउनुभयो । मधुमेहका बिरामीलाई कोलस्टोर बढ्न सक्ने भएकाले मासु कम खान सुझाव दिनुभयो। मासुले मोटोपन, तौल बढाउने बताउँदै उहाँले भन्नुभयो, "एकै पटक धेरै र अस्वस्थकर खाना खानु निकै हानिकारक हो।'

उहाँले भन्नुभयो, "यो बेला धेरै फाइबर, फलफूल, सागपातको मात्रा बढाउनुपर्छ ।' उहाँले भन्नुभयो, "चाडपर्वमा थोरै खाने, सन्तुलित खाने र बारम्बार खाने गर्दा पेटलाई पचाउन सजिलो हुन्छ।' एकै पटक धेरै मासु तयार गरेर फ्रिजमा राखेर लामो समयसम्म खानु हानिकारक भएको भन्दै उहाँले त्यस्तो मासु खादै नखान सुझाव दिनुभयो।रासस

# दसैँ बिदामा निगमका पेट्रोल पम्पहरु खुला हुने




काठमाण्डु । नेपाल आयल निगमले दसैँ बिदाका समयमा आफ्ना सबै पेट्रोल पम्पहरु खुला रहने जनाएको छ। निगमले एक सूचना प्रकाशित गरी दसैँका समयमा पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि दसैँको बिदामा १३ वटा डिपोहरुसमेत खुला राख्ने जनाएको छ।

दसैँमा सार्वजनिक बिदा हुने र सार्वजनिक यातायातको चाप बढ्ने भएकाले पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि पम्पहरु खुला राख्ने निगमले निर्णय गरेको निगमका निर्देशक वीरेन्द्र गोइतले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश १ को विराटनगर र मधेस प्रदेशको अमलेखगञ्जमा असोज १६, २९ र २१ गते डिपो खुला हुने छ भने वाग्मती प्रदेशको थानकोट र गण्डकीको पोखरामा असोज १५, १६, १८ र २१ गते खुला रहनेछन्।

यसैगरी लुम्बिनी प्रदेशको भैरहवामा असोज १५, १६, १७, २१ र २२ गते र कर्णली प्रदेशको सुर्खेतमा असोज १६ र २१ गते डिपोहरु खुला हुनेछन् । उता सुदूरपश्चिम प्रदेशको धनगढीमा असोज १६, १७ र २१ गते तथा शाखा कार्यालय चारआलीमा १६ र २१ गते डिपोहरु बिदाको दिनमा खुला रहनेछन् । यसैगरी नेपालगञ्ज, धनुषा, वीरगञ्ज, दाङ र दिपायलमा रहेको निगमका डिपोहरु पनि २१ गतेसम्म खुला हुने बताइएको छ।

बजारमा पेट्रोलियम पदार्थको अभाव हुन नदिन सार्वजनिक बिदामा पम्पहरु २४ घन्टा खुल्ला हुने र त्यसका लागि १३ वटा डिपोहरु विभिन्न बिदाको दिनमा खुल्ला राखिने निगमले जनाएको छ। निगमका अनुसार हाल दैनिक रुपमा पेट्रोल तीन हजार पाँच सय किलोलिटर र डिजल पाँच हजार ६ सय किलोलिटर खपत भइरहेको छ।रासस

# महाकवि देवकोटाको कविकुञ्ज सङ्ग्रहालयमा परिणत

काठमाण्डु । महाकवि लक्ष्मीप्रसाद देवकोटाले जीवनका महत्वपूर्ण १० वर्ष बिताएको काठमाडौँ महानगरपालिका-३० मैतीदेवीस्थित कविकुञ्ज सङ्ग्रहालयमा परिणत भएको छ । करिब एक रोपनी एक दाम जग्गासहितको चार तले घर निर्माण गरी नेपाल प्रज्ञा प्रतिष्ठानले कविकुञ्जलाई सङ्ग्रहालयका रूपमा स्थापित गरेको हो । महाकवि देवकोटाको जीर्ण भइसकेको घर भत्काएर पुरानै स्वरूपमा भवन बनाएर सङ्ग्रहालय बनाइएको हो। निर्माण लागत रु सात करोड ११ लाख लागेको प्रतिष्ठानले जनाएको छ।

सङ्ग्रहालयमा महाकवि देवकोटाका पोशाक, पाण्डुलिपिसहित प्रकाशन भएका कृतिलगायत चिजबिज सङ्ग्रह गरिएको छ। महाकवि देवकोटाका चिजबिज हुनेलाई प्रतिष्ठानमा बुझाउन पनि आह्वान गरिएको छ। चिजबिज दिनेकै नाममा अभिलेख राखिने जनाइएको छ।

सङ्ग्रहालय उद्घाटन गर्नुहुँदै प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले विसं २०१६ सालमा हराएका महाकवि देवकोटालाई आज उहाँकै कविकुञ्जमा फेला पारिएको बताउनुभयो । साहित्यिक व्यक्तिका नाममा प्रतिष्ठानले बनाएको यो पहिलो सङ्ग्रहालय हो । विश्वमा प्रतिभाका निवासलाई तिनका स्मृतिमा सङ्ग्रहालय बनाउने गरिएको छ।

विसं २०१६ देखि महाकविको निवासलाई सङ्ग्रहालय बनाउनुपर्ने आवाज आज सार्थक भएको छ, यो साहित्यिक क्षेत्रको पवित्र तीर्थस्थल बनेको छ, यसलाई राष्ट्रिय सम्पदाका रूपमा विकास गरिन्छ, यसका बारेमा नकारात्मक टिप्पणी गर्नेले पनि निर्माणमा महत्वपूर्ण योगदान दिएको रूपमा हामीले लिएका छौँ', उहाँले भन्नुभयो । सङ्ग्रहालय व्यवस्थापनका लागि प्रतिष्ठानले पाँच जना कर्मचारी खटाएको जानकारी पनि कार्यक्रममा कुलपति उप्रेतीले दिनुभयो । सङ्ग्रहालय दसैँ बिदा सकिएपछि असोज २३ गतेदेखि सर्वसाधारणका लागि खुला गरिने छ। एक वर्षसम्म सङ्ग्रहालय प्रवेश शुल्क नलिने नीति पनि प्रतिष्ठानले लिएको छ।




कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले चीनमा साहित्यकार लुसुनको सङ्ग्रहालय देखेर आफूले पनि साहित्यिक व्यक्तित्वका नाममा यस्ता स्थल निर्माण हुनुपर्ने भनी राखेको सोच आज पूरा भएको बताउनुभयो । सरकारले महाकविको घर प्रतिष्ठानलाई जिम्मा दिएकामा अब त्यसको संरक्षण हुनुपर्ने उहाँले बताउनुभयो । महाकविको घर समग्र नेपालीका लागि समर्पण भएको पूर्वकुलपति काइँलाको भनाइ थियो।

महानगरपालिका वडा नं ३० का अध्यक्ष दलबहादुर कार्कीले अस्तव्यस्त रहेको महाकविको कविकुञ्ज सङ्ग्रहालयमा परिणत हुँदा खुसी लागेको बताउनुभयो। अमूल्य काम भएकामा अब यसको संरक्षणमा पनि सबैको सहयोग रहनुपर्ने उहाँले सुनाउनुभयो। कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव प्रा जगत्प्रसाद उपाध्याय, प्रा डा पार्थिवेश्वर तिमल्सिना, महाकवि मार्ग टोल सुधार समितिका अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, महाकवि देवकोटाकी छोरी अम्बिकादेवी देवकोटा रिमाल, महाकविकी पनातिनी मञ्जिला अनिल, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा देवी नेपाललगायतले महाकवि देवकोटाले नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो । सङ्ग्रहालय शुभारम्भसँगै परिसरमा महाकवि देवकोटाको पूर्ण कदको सालिक पनि अनावरण भएको छ। सङ्ग्रहालयभित्र महाकवि देवकोटा श्रव्यदृश्य कक्ष पनि स्थापना गरिएको छ । माथिल्लो तलामा सभाकक्ष राखिएको जानकारी पनि सो अवसरमा गराइयो। सङ्ग्रहालय निर्माणका लागि महत्वपूर्ण योगदान गर्नेलाई सो अवसरमा सम्मान पनि गरिएको थियो ।रासस

# दुर्गा पूजाको छैटौ दिन कात्यायनीको पूजा

दूर्गा पुजनोत्सवको क्रममा छैटौ दिन माता कात्यायनीको पूजा गरिन्छ। कात्य गोत्रमा विश्व प्रसिद्ध महर्षि कात्यायनले भगवती परामबाको उपासना गरे।

पुत्री लाभका लागि उहाँले कठिन तपस्या गर्नुभयो।

उहाँको कठोर तप एक दिन सफल भयो ।माता भगवती उहाँको घरमा पुत्रीको रुपमा जन्म लिनु भयो। त्यसकारण उहाँ कात्यायनीको रुपमा विख्यात हुनु भयो।

महर्षि कायत्यायनको घरमा अवतरित देवी नै कात्यायनी रहेको धर्मग्रन्थहरुमा उल्लेख छ।

नवरात्रीमा छैटौ दिन पुजा गरिने देवी कात्यायनी अत्यन्त दयालु मानिन्छ।

उहाँको उपासना र आराधनाले भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्ष चारवटै फलको प्राप्ति हुन्छ। भक्तहरुको रोग, शोक, संताप र भय नष्ट हुन्छ। उहाँको भक्ती अराधनाले सम्पूर्ण पाप नष्ट हुन्छ ।कात्यायनी माताको कृपाले साधकलाई सबै प्रकारको शान्ति र वैभव प्राप्त हुन्छ।

उहाँको गुण शोध कार्य हो। त्यसकारण वर्तमान वैज्ञानिक युगमा कात्यायनीको महत्व सर्वाधिक बढी हुन्छ।

उहाँको कृपाले नै सम्पूर्ण कार्य पुरा हुन्छ। माता कात्यायनी वैद्यनाथ नामक स्थानमा प्रकट भै पुजिएकी हुन्। माता कात्यायनी अमोघ फलदायिनी हुन्। भगवान कृष्णलाई पतिको रूपमा प्राप्त गर्न ब्रजका गोपिनीहरुले उहाँकै पुजा गरेका थिए।



चंद्रहासोज्ज्वलकरा शार्दूलवरवाहना।
कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी॥

यो पूजा कालिंदी यमुनाको घाटमा गरिएको थियो ।त्यसै कारण उहाँ ब्रजमंडलको अधिष्ठात्री देवीको रूपमां प्रतिष्ठित हुनभएको छ। उहाँको स्वरूप अत्यंत भव्य र दिव्य हो।

यो स्वर्ण को समान चम्किलो र भास्वर हो। उहाँ चार भुजाधारी हुनुहुन्छ ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात अभयमुद्रमा छन्।

दाहिने तर्फको तलको हात वर मुद्रामा रहेको छ ।माता कात्यायनीको बायाँ तर्फको माथिल्लो हातमा तलवार सुशोभित छ ।बायाँ तर्फको तलको हातमा कमलको पुष्प सुशोभित छ।

माता कात्यायनीको पूजा उपवासले परमपदको प्राप्ति हुन्छ।

त्यसलै भनिन्छ , उहाँको उपासना र आराधनाले साधक,भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्षको प्राप्ति हुन्छ।

माताको कृपाले शोक, सन्ताप र भय नष्ट हुन्छ ।मानव जन्मको सम्पूर्ण पाप नष्ट हुन्छ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## बलि प्रथा

नाही तुम हिन्दु हो नाही हो तुम मुस्लमान
दोनो हि जिव हत्या करे, घिचे धर्मके नामसे प्राण
एक तरफ खुन करते हो एक, तरफ पुजा पाठ बन्दगी
क्या लगता है ,खुश होगा तेरा इश्वर, अल्लाह और रेहमान
नाही तुम हिन्दु हो, नाही हो तुम मुस्लमान
नाही तुम बेद पढ्ते हो नाही पढते हो तुम कुरान
बात करते हो धर्म कि तो बोलो हिन्दू हो कि मुस्लमान
वेद तेरी केहता है, केहता है तेरा कुरान
अहिंसा हि इश्वर है रेहम हि है रेहमान
नाही तुम हिन्दु हो नाही हो तुम मुस्लमान
नाही तु भगवानका भक्त है नाही तु खुदाका बन्दा है
तु तो हत्यारा हैवान खुनका प्यासा दरिन्दा है
खुन करते हो वहाँ, जहाँ इश्वर अल्लाह रेहता है
अरे ये धर्म नही, ये तो हिन्दू मुस्लिमका धन्दा है
वेद पढते हो तो न बली दो, कुरान पढते हो तो कुरबानी
सबका एक हि प्राण है, रहे चाहे कोइ प्राणी
केहते हो जरे जरे मे खुदाका वास है, कण कणमे माता दुर्गा भवानी
खशी बकरीमे खुदा नही मिलता, बोलो मौलवी, पंडित ज्ञानी
अरे ये मंदिर, मस्जिद नही मौतका घर है, क्या होगा किसिका भला
किसकि मनत पुरी होगी कोन चढाएगा फुल माला
नर्कमे भि जगह न मिलेगा निर्दोष प्राणीको तुम काटे गला
मंदिर मस्जिदको तुम लोगोने बना दिये हो हत्यासाला



लेखक-मुरली प्रसाद यादव
कल्याणपुर न पा ४ सिरहा

## ।। माँ दुर्गा ।।

माता रानी के दरवारमे सच्चे मनसे जोकोइ ध्याने
उनसे माँ भवानीका प्यार हे बसे ममताका भण्डार हे
अवला पुजती हे विधवा सेहो जपती हे
निर्धन भि आरती उतारति हे
सोलहो श्रृंगार केके कन्यायो सब माँ दुर्गा कि भोग लगाति हे
भगतोके भिडमे दुर्गा माँ भवानी कि सवपे कृपा हे
नरनारी के मनकि मुराद माँ दुर्गा अनुग्रहित करति हे
नवरात्रि कि नवौ दिन जो दुर्गा देवीकि वन्दगि करतिहे उसकि
मनोरमा आन्नदित रहति हे
माता रानि करुणाके सागर सवकि झोलि खुशियोसे भरदेतिहे
शेरकि सवारि माँ दुर्गा कि कसाइयो को संहार करतिहे अवलाको
सहारा देतिहे
विधवा को जिनेकि राह देतिहे
निर्धनको यशवैभव देतिहे कन्याको मन प्रफुल्ल रखति हे
वैष्णवो का मिष्ठान्न भोग लेतिहे
भक्तोके बेल कुम्महर काभि बलि स्विकारति हे
भगताकि भि पाठिखँसि कबुलति हे
सव पृथ्विलोकोकि शान्तिसुरक्षा प्रदान करति हे
शैलपुत्रि मातादेविकि आराधना कलशथापन दिनसे
शिद्धिदात्रि मातादेविकि नवरात्रि दिनके
माँ दुर्गा सवकि भक्ति कबुलतिहे
माता रानि दुर्गेश्वरी सबकि मनमे समायल हे
माँ दुर्गा असुरोको खात्मा और भक्तोकि उदय करेहे
विजयादशमिके दिन सर्वव्यापी हर्षोल्लास होति हे



प्रमोद राम
जनकपुर ९

## कविता

जय कल्याणी, जय जय भवानी
अम्बे, दुर्गा शक्ति, हे माँ शालिनी
विश्व वन्दिनी तिनु भुवन पालिनी
जय ..........
जनक दुलारी जानकी सिता
लक्ष्मी,काली,जगदम्बे माता
हें जग जननी, देवी पार्वती
हें महागौरी शितला भवानी
जय..........
हें सर्वरक्षिका हें माँ अन्नपूर्णा ,
शैलपुत्री म्या ब्राह्माचारणी
महामानिनी, हें महामयी माँ
शिद्धीदात्री, माँ पथप्रदर्शिनी
जय..........
सिंहवाहिनी माँ कत्यांयनी
शस्त्रधारनी हें पाप भंजिनी
हें अम्बे आम्बी माँ कालरात्री
महिषा सुर मार्दिनी बिजयिनी
जय..........



उदगार यादब
मिथिला विहारी नगरपालिका
सिरसियाटट

## दुर्गा मैया

कर्बै अहाँ सबके बेरा पार हे दुर्गा मैया
अहाँके महिमा अपार हे दुर्गा मैया
दियौ अहाँ सभके निक निक ज्ञान हे दुर्गा मैया
भक जाई जाहिसँ सभक कल्याण हे दुर्गा मैया
कर्बै सब भक्त सबप एते उपकर हे दुर्गा मैया
अहाँके महिमा अपरम पार हे दुर्गा मैया
अहीसँ हेतै सभक उद्धार हे दुर्गा माँ
सब भक्त जाई त अही के दुवार हे दुर्गा माँ
करब अपन चमत्कार हे दुर्गा मैया
गरीब दुखी के कर्बै उधार हे दुर्गा मैया
अहाँके महिमा अपार हे दुर्गा मैया
कर्बै अहाँ सबके बेरा पार हे दुर्गा मैया
अहाँके महिमा अपार हे दुर्गा मैया



धनेश्वर ठाकुर
धनुषाधाम-४, लक्ष्मीपुर

## वर्षभरीका चाड दशैं

आउन त फेरी आयो अकारण मारीएका आफन्तको सम्झना बाकी आया
आशीवाद दिन बुडा वा आमा डीग मचमा वडी खोक्छन्
आशीर्वाद बावन प्यारा भाई बनी कारमीरमा घोडाको सीढ़ी सर्दछन्
चच हे पीड़ ने साधीहरु कोही मरछन् कोही युद्धमा गएछन् कोही
आशु पुल मुरुगान छन् काही परीवार पाल्न ड्युटीमा खटछन्
छन चहल पहल फूर्तिफार्ता कल चिउरा फल्ने खेतवानी भएछन्
नाच्द्र मादरा घन्कीन गाउवेशीमा कठे वाशहरु न्याउराएछन्
त्ये पान हिंड टीका थाप्न
गाउ गाउ गिद्ध उडाई आया दरी होरा नबनाई गया दश सम्झना वाकाई ॥



लेखकः राजन दास तात्मा

## मिथिला परम्परा

पुर्खा के सनेस छै,अपन परम्परा
राखु बचाक सबकेउ ई मिथिला
सँस्कृति के बारने रहु इजोत दिया
तखने झलकतै मिथिला के झिझिया
ओरियान करु अपन सँस्कृती के
नै बिसरु पुरान मिथिला प्रविरती के
स्वदगर बोली सँ दियौ निक पहिचान
चलु चलबैछी मिथिला सँस्कृती अभियान
मिथिला नरेश जनक जी ध गेल स्वर्ग
ईतिहास मे ई जमिन प नै मिथिला वर्ग
बरसान लगैय अपन किशोरी जी के गाम
घर घर मैथिला सभक ठोर बजै सिताराम



रचना -रमेश मन्डल धानुक
भुतही पटेर्वा,धनुषा,नेपाल

# 'नालापानी' को ट्रेलरमा नेपाली फौजले नालापानी गढीमा लडेको युद्धको कथा

ऐतिहासिक विषयवस्तुमा आधारित भएर निर्माण भएको फिल्म 'नालापानी'को ट्रेलर सार्वजनिक भएको छ। बिहीवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा नालापानी गढीमा अङ्ग्रेज सैनिकविरुद्ध नेपाली फौजले लडेको साहसिक लडाईंलाई देखाइएको छ। २ मिनेट ४१ सेकेन्ड लम्बाईको ट्रेलर कटिङ उत्कृष्ट छ। ट्रेलरमा ब्याकग्राउन्ड स्कोरको काम प्रशंसनीय छ। अंग्रेजसँगको लडाईंको क्रममा देखाईएका दृश्य वास्तविक लाग्छन्।



ट्रेलर हेर्दा घमासान युद्ध र ऐतिहासिक कथावस्तुमा बनेका फिल्म मन पराउने दर्शकलाई 'नालापानी' ले आकर्षित गर्न सक्ने देखिन्छ। सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंमा आधारित भएर निर्माण भएको फिल्मका निर्देशक रिमेश अधिकारी हुन्।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक अधिकारीले लामो समय अध्ययन र अनुसन्धान गरेर ९ वर्ष लगाएर फिल्म निर्माण गरेको बताए। फिल्मले नेपाली विरताको गाथा बोकेकाले सोलो रिलिजको अवसर मिलाइदिन पनि उनले फिल्म सम्बद्ध संघ-संस्था तथा राज्यसँग अपिल गरेका छन्। उनले 'नालापानी' एक युगमा एक पटक मात्र निर्माण हुने भएकाले दर्शकलाई एकपटक हेरिदिन पनि आग्रह गरे।

कार्यक्रममा अतिथीको रुपमा उपस्थित भएका नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले ट्रेलर हेर्दा आफ्नो रगत उम्लिएको बताए। ट्रेलरका दृश्यहरु हेर्दा आफू पनि त्यो युद्धमा सिपाहीको रुपमा कतै लडाई लडिरहेको महसुस भएको बताउँदै उनले भने, 'नालापानीको युद्धमाथि फिल्म बनाउनु चानचुने कुरा होइन। रिमेश अधिकारी र उनको टिमले गरेको यो आँटलाई ३ करोड नेपालीले सलुट गर्नुपर्छ।'

नेपाललाई बचाउनका लागि हाम्रा पितापुर्खाले कुन हदसम्म लडाईं लडेका रहेछन् भन्ने कुरा 'नालापानी'ले देखाएकोमा उनले खुसी व्यक्त गरे। यो फिल्मबाट अहिले र नयाँ पुस्ताले धेरै पाठ सिक्ने उनको भनाई छ। उनले अगाडि भने, 'हाम्रो इतिहास थाहा पाउनका लागि पनि 'नालापानी' हेर्नुपर्छ। यो रिमेश अधिकारीको फिल्म मात्र होइन, तीन करोड नेपालीको गौरव गाथा हो। अब यो तीन करोड नेपालीको आफ्नो फिल्म हो र सबैले हेर्नुपर्छ।' उनले 'नालापानी'लाई सोलो रिलिजको प्रवन्ध मिलाउन प्रयास भइरहेको पनि बताए।

त्यस्तै, नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामाले 'नालापानी'ले चलचित्र विकास बोर्डबाट विशेष सम्मान पाएकाले सोलो रिलिजको अवसर प्रदान गर्नु सबैको दायित्व रहेको बताए। उनले भने, 'यस्तो खालको फिल्म भविष्यमा बन्दै होला। इतिहासको विषयमा बनेको यो फिल्म बनाउने आँट गर्नु नै ठूलो कुरा हो। त्यसैले यो फिल्मलाई विशेष प्रदर्शनको व्यवस्था मिलाउनु पर्छ भन्ने लाग्छ।'

चलचित्र विकास बोर्डले दुई वर्ष अगाडि विशेष चलचित्र घोषित गरेको 'नालापानी'को रिसर्च तथा लेखन रिमेश अधिकारी र कृष्ण आचार्यले गरेका हुन्। प्रा. डा. धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित 'नालापानीका नायक वीर बलभद्र' पुस्तकमा आधारित रहेर इतिहासविदहरू प्रा. डा. धनराज कुँवर, प्रा. डा. त्रिरत्न मानन्धर, प्रा. दिनेशराज पन्त, प्रा. डा. सुरेन्द्र केसी, पूर्व सहायक रथि डा. प्रेम सिंह बस्न्यातहरूसँग पटक पटक छलफल गरि नेपाली सेनाले प्रकाशित गरेको पुस्तक 'सैनिक इतिहास'लगायतका पुस्तकमा आधारित रहेर 'नालापानी' तयार पारिएको हो। फिल्ममा देशभक्त खनाल, अर्जुनजंग शाही, सन्तोष पन्त, मनोज शाक्य, बिशाल पहारी, विजय बिष्फोट, पूजना प्रधान, गीता अधिकारी, महाविर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, शारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, शहिना भट्टराई, गीत बिष्ट, युगजंग कार्की, सिमन खड्का, सुशील खडका (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकारहरू एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ।

रिमेश अधिकारी फिल्म प्रोडक्सन, वीर गोर्खाली फिल्मस, गंगा नारायण फिल्म प्रोडक्सन र बिजी बी इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण फिल्ममा भिएफएक्स अच्युत गजुरेल, छायांकन राम शरण उप्रेती, सम्पादन बिपिन मल्ल, द्वन्द्व निर्देशन रोशन श्रेष्ठ, नृत्य निर्देशन कबिराज गहतराज, संगीत डिजे एलेक्स र सुजिल कर्माचार्यको रहेको छ।

राम भट्टराई र हरि उप्रेतिले रचना गरेका फिल्मका गीतमा गायक राजेश पायल राई, मेलिना राई र रानी शाक्य स्वर रहेको छ। 'नालापानी'का एशोसियट निर्माता सपन कुमार थापा, सह-निर्माता गणेश कार्की, कार्यकारी निर्माता घनेन्द्र थपलिया तथा निर्माता मनोज शाक्य र रिमेश अधिकारी हुन्।

# हल छिर्‍यो 'बाबरी', दशैं विदाको फाइदा उठाउला ?



बडा दशैंको अवसर पारेर शुक्रवारबाट फिल्म 'बाबरी'ले प्रदर्शन थालनी गरेको छ। दशैंको एक हप्ता लामो विदालाई लक्षित गरेर प्रदर्शनमा आएको फिल्मलाई बक्सअफिसमा भने दुई ठूला भारतीय फिल्म 'विक्रम वेधा' र 'पिएस वान'को चुनौती छ। यी दुई फिल्मका कारण 'बाबरी'ले चर्चाअनुरुप ठूलो संख्यामा मल्टीप्लेक्सहरुमा शोज पाउन सकेको छैन। तर, पाएको शो सुखद् छ।

गीतसंगीत र ट्रेलरले चुल्याएको हाइपले फिल्मको इनिसियल व्यापारमा धेरथोर सहयोग पुग्न सक्छ। 'वर्ड अफ माउथ' बलियो हुन सके फिल्मले दशैंको एक हप्ता लामो विदाको फाइदा पनि उठाउन सक्नेछ। अभिनेता धिरज मगर र अभिनेत्री अदिती बुढाथोकी ४ वर्षपछि पर्दामा फर्किएकाले उनीहरुको फ्यान फ्लोइंगले पनि सुरुवाती व्यापारमा भूमिका खेल्न सक्ने विश्लेषण गरिएको छ।

त्रिकोणात्मक प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्मले बिहीवार साँझ काठमाडौंमा भएको प्रियिमरमा सुखद् प्रतिक्रिया बटुलेको थियो। यो फिल्मबाट डेब्यू गरेका धिरज नाडकरको अभिनयको प्रियिमरमा उपस्थित अधिकांश पाहुनाले प्रशंसा गरेका थिए भने अर्का धिरजले पनि प्रशंसा कमाए। त्यस्तै, अदितीको सुन्दरताको तारिफमा शब्द खर्चिने फिल्मकर्मी पनि कम थिएनन्।

'बाबरी'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका हुन्। फिल्ममा बादल भट्ट, कमलमणि नेपाल, उर्मिला बस्नेत, ध्रुव कोइराला, सुनिता श्रेष्ठ, नितेश गुरुङ, त्रिशाला गुरुङ, दीलिप गुरुङ, डिचेन्ला वान्मो थुङ्गोनलगायतको पनि अभिनय छ। अदिती बुढाथोकीका बुबा-आमा गणेश बुढाथोकी र पुष्पलता बुढाथोकीले फिल्मको निर्माण गरेका हुन्। नरेन्द्र मैनालीले फिल्मको छायांकन गरेका हुन्।



**बस व्यवस्था गरी घर पठाउदै पूर्वमन्त्री आले**: निर्वतमान मन्त्री प्रेमबहादुर आले दसैँका बेला काठमाण्डुमा बस नपाएर समस्यामा परेका डोटीका स्थानीयलाई दुईवटा बसको व्यवस्थापन गरी घर पठाउँदै । *तस्विर : रासस*

# डेङ्गु नियन्त्रणमा सरकारले ध्यान दिनुपर्छ : महामन्त्री थापा



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले डेङ्गु नियन्त्रणमा सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस काठमाण्डु क्षेत्र नं ४ द्वारा शुक्रबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले चाडपर्वको समयमा डेङ्गुले जनजीवन प्रभावित बनाएकाले यसको नियन्त्रणमा सरकारले ध्यान दिनुपर्ने बताउनुभएको हो । प्रधानमन्त्रीले आपत्कालीन सरकारको बैठक र स्थानीय सरकारका प्रतिनिधि बोलाएर देशभर सङ्क्रमणलाई न्यूनीकरण गर्ने अभियान सुरु गर्नुपर्छ', उहाँले भन्नुभयो ।

पूर्वस्वास्थ्यमन्त्री थापाले सरकारसँग देशभरको डेङ्गु सङ्क्रमणलाई कसरी घटाउने, रोकथाम कसरी गर्ने, अस्पतालमा भएको दबाबलाई कसरी कम गर्ने भन्नेबारेमा छुट्टै अभियान सञ्चालन गर्न माग गर्नुभयो । सरकार महामारीको बेलामा अरु कुरालाई प्राथमिकतामा राखेर मुख्य जिम्मेवारीबाट पन्छिन नमिल्ने उहाँको भनाइ थियो ।

महामन्त्री थापाले पार्टीभित्र सही ढङ्गले न्यायोचित व्यवहार नभएको ठूलो गुनासो आएको भन्दै पार्टीभित्र ठूलो शुद्धीकरणको अभियान चलाउनुपर्ने बेला आएको उल्लेख गर्नुभयो ।

उहाँले पार्टी सत्ताको हतियार मात्र हुन लागेको भन्दै पार्टी निर्वाचनको गोलचक्करमा मात्रै सीमित भएको बताउनुभयो । पार्टीभित्रका नेताले नै पार्टीमा न्याय, सन्तुलन, पार्टीभित्र सबैलाई सही ढङ्गले हेरिएन भन्ने ठूलो आवाज उठाइरहेको भन्दै अब पार्टीभित्र नयाँ खालको सङ्घर्षको आवश्यताको बोध हुन थालेको बताउनुभयो ।

उहाँले देशको वर्तमान मुद्दा नेपालका युवाले स्वदेशमा नै रोजगारी पाउने कुरा हुनुपर्ने बताउनुभयो ।रासस

# अध्यक्ष तिमिल्सिनाद्वारा निर्माणाधीन सङ्घीय संसद् भवनको अवलोकन



काठमाण्डु । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सङ्घीय संसद्को निर्माणाधीन भवनको अवलोकन गर्नुभएको छ । उहाँले सिंहदरबार परिसरभित्र निर्माणाधीन सङ्घीय संसद्का दुई सदन राष्ट्रियसभा तथा प्रतिनिधिसभाको बैठक कक्षलगायत विभिन्न भवनहरुको शुक्रबार स्थलगत अवलोकन गर्नुभएको हो ।

निर्माणाधीन भवन अवलोकनका क्रममा अध्यक्ष तिमिल्सिनाले हालसम्मको कार्यप्रगति सन्तोषजनक नरहेको बताउँदै तोकिएको समयमा निर्माण सम्पन्न गर्नका लागि तीन सिफ्टमा काम गराउन निर्देशन दिनुभयो । उहाँले आयोजनाको सम्पन्न गर्नुपर्ने समय सकिन लागेको अवस्थामा ६० प्रतिशत भौतिक प्रगति भएकाले गति दिन निर्माण व्यवसायी तथा सम्बन्धित कार्यालयलाई आग्रह गर्नुभयो ।

अहिलेको गतिले बाँकी समयमा यो आयोजना सम्पन्न हुने देखिँदैन', उहाँले भन्नुभयो, ‟केही काम रातिमा गर्न सकिने हुन्छ । एकसाथ गर्न सकिने कामलाई जनशक्ति तथा स्रोतसाधन थप गरेर भए पनि गति दिनतर्फ लाग्नुस् । विसं २०८० असोजसम्म काम सम्पन्न गरेर उद्घाटन गर्नुपर्छ ।' अध्यक्ष तिमिल्सिनाले परम्परागत कार्यशैलीले देशका कुनै पनि आयोजनाको काम सम्पन्न नहुने भएकाले नयाँ सोच र गति आवश्यक रहेको बताउनुभयो ।

विसं २०७६ असोजमा निर्माण सुरु भएको यस आयोजनाको सुरुमा सम्पन्न अवधि तीन वर्ष तोकिएको थियो । हाल कोभिड-१९का कारणले थप गरिएको छ महिनासहित चैत्र मसान्तसम्म म्याद रहेको शहरी विकास तथा भवन डिभिजन विभाग अन्तर्गतको आयोजना समन्वय कार्यालयले जनाएको छ ।

आयोजना कार्यालयका अनुसार यस भवनको ठेक्का सम्झौता रकम रु पाँच अर्ब दुई करोड रहेको छ । कुल एक सय ५१ रोपनी क्षेत्रफलमा फैलिएको सङ्घीय संसद् प्राचीन स्वरूपमा निर्माण भइरहेको छ । निर्माणाधीन भवन अवलोकनअघि शहरी विकास तथा भवन डिभिजन विभागअन्तर्गतको आयोजना समन्वय कार्यालयले अहिलेसम्मको कार्यप्रगतिबारे जानकारी गराएको थियो ।

त्यसैगरी अध्यक्ष तिमिल्सिनाले बिहीबार भैंसेपाटीमा निर्माणाधीन राष्ट्रियसभा अध्यक्ष, उपाध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख, सङ्घीय मन्त्री तथा प्रदेश मुख्यमन्त्री निवासको समेत अवलोकन गरी कामलाई गति दिन अनुरोध गर्नुभएको थियो ।रासस

# निर्वाचन आयोगमा प्रेस कार्यालय स्थापना




काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई लक्ष्य गरी बहादुर भवनस्थित कार्यालयमा प्रेस अफिस स्थापना गरी शुक्रबारदेखि सञ्चालनमा ल्याएको छ ।

आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले सो कार्यालयको शुभारम्भ गर्दै आयोगका गतिविधि तथा सूचनालाई तत्काल र सहीरुपमा प्रवाहका लागि विज्ञसहितको संयन्त्र खडा गरिएको बताउँदै सञ्चारमाध्यमले स्वनियमन र स्वनियन्त्रणको मान्यतालाई ध्यान दिएर निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्षरुपमा सम्पन्न गर्न सघाउन आग्रह गर्नुभयो ।

्रमुख आयुक्त थपलियाले भन्नुभयो, “निर्वाचनसँग मिडियाले सम्बन्धित खोज्ने सूचना एकद्वार प्रणालीबाट प्रभावकारी ढङ्गले प्रवाह गर्न प्रेस अफिस सञ्चालनमा ल्याइएको हो ।

यसका अलवा प्रेस अफिबाट आम नागरिकले बुझ्ने सरल भाषामा मतदाता शिक्षाका सामग्री पनि उत्पादन गरी सम्प्रेषण हुनेछन् ।”

उहाँले थप प्रष्ट पार्दै भन्नुभयो, “प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यममाथि पूर्ववत्रुपमा गर्दै आएको सञ्चारमाध्यमको अनुगमन यथावत् गर्नेमा आयोग स्पष्ट छ । सामाजिक सञ्जालबाट हुन सक्ने दुष्प्रचार, भ्रामक सूचना र द्वेषपूर्ण अभिव्यक्तिलाई नियन्त्रण गर्न तथा निर्वाचनका समयमा साइबर सुरक्षाको चुनौती कम गर्न नेपाल सरकारका सम्बन्धित निकायले गरी आएको कामलाई निर्वाचनका समयमा प्रभावकारी बनाउन आयोगको प्रेस अफिसमा सम्पर्क व्यक्तिका रुपमा ती निकायबाट प्रतिनिधि राखिएको हो ।”

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी एवं विश्वसनीय बनाउन आफ्ना सूचना तथा सन्देश आम मतदाता, उम्मेदवार, राजनीतिक दललगायतका सरोकारवालासमक्ष प्रभावकारी तवरले सम्प्रेषण र सञ्चारमाध्यमसँग उचित सहकार्य गर्नर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको उपयोग गरी आयोगका गतिविधि अझ प्रभावकारीरुपमा सम्प्रेषण गर्न एवं तिनको अनुगमन व्यवस्थित गर्न यो कार्यालय खडा गरेको हो । आयोगले २०७९ भदौ १९ गते स्वीकृत गरेको प्रेस अफिस स्थापना तथा सञ्चालनसम्बन्धी अवधाराणापत्रबमोजिम यो संयन्त्र स्थापना भएको हो ।

यस कार्यालयबाट सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सूचना प्रवाहका लागि एकद्वार प्रणाली लागू भई आयोगले प्रवाह गर्ने हरेक प्रकारका सूचना तथा सन्देश प्रभावकारी तवरले लक्षित वर्गसम्म प्रवाह हुनेछ । यस कार्यालयबाट सञ्चारमाध्यमले मागेको वा खोजेको बखत आयोगबाट प्रवाह गर्न मिल्ने सूचना सहजै उपलब्ध गराइनेछ । निर्वाचन प्रक्रियामा सामाजिक सञ्जालको उपयोगमा वृद्धि र आयोगका सामाजिक सञ्जालको पहुँच बढ्ने, निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि हुने, निर्वाचन र मतदानका बारेमा निर्वाचनका सरोकारवालालगायत आम मतदाता सुसूचित हुने आयोगको अपेक्षा रहेको छ ।

निर्वाचनसँग सम्बन्धित दुष्प्रचार, मिथ्या सूचना र घृणाष्पद अभिव्यक्तिको रोकथाम गर्न, निर्वाचनमा हुने बदर मत गत निर्वाचनको तुलनामा कम गर्न यस कार्यालयले भूमिका निर्वाह गर्नेछ । साथै निर्वाचन प्रचारप्रसारमा आमसञ्चार क्षेत्र र सामाजिक सञ्जालसँग साझेदारी तथा सहकार्य अभिवृद्धि हुनेछ ।

प्रेस कार्यालयले सामाजिक सञ्जाल तथा डिजिटल मिडियामा भ्रमपूर्ण, अफवाहपूर्ण तथा मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति र सूचना तोडमोड गर्ने व्यक्तिलाई त्यस्तो सामग्री, सूचना सामाजिक सञ्जालबाट तत्काल हटाउन लगाउने, त्यस्तो व्यक्तिलाई कानूनबमोजिम तत्काल कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने र यसरी कारवाही गर्ने सम्बन्धमा कुनै जटिलता देखिएमा निर्देशक समितिसमक्ष रायसहित पेस गर्ने प्रबन्ध गरिएको छ ।

अ ा य ा े ग ल े सञ्चारमाध्यममाथि अनुगमन र कारबाही प्रेस काउन्सिलल नेपालले गर्ने भएकाले आयोगले सञ्चारमाध्यममाथि कुनै कारबाही गर्ने तयारी नगरेको स्पष्ट गर्दै सञ्चारमाध्यमले निर्वाचनका समयमा स्वनियमनको नीति कार्यान्वयन गरी निर्वाचन आचारसंहिताको पालनामा सघाउन आग्रह पनि गरेको छ ।रासस

# निमुखा जनताको पक्षमा राजनीतिलाई अगाडि लैजानुस् : पूर्वराष्ट्रपति डा यादव



भक्तपुर । पूर्वराष्ट्रपति डा रामवरण यादवले अहिलेका युवा वर्गलाई देशका निमुखा जनताको पक्षमा राजनीतिलाई अगाडि लैजान आग्रह गर्नु भएको छ । शुक्रबार काठमाण्डुको काँडाघारीस्थित नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीले आयोजना गरेको १५३ औं गान्धी जयन्ती तथा अन्तर्राष्ट्रिय अहिंसा दिवस २०७९ मा उहाँले महात्मा गान्धीले समातेको बाटोलाई अवलम्बन गर्दै निमुखा जनताको पक्षमा राजनीति गर्ने बेला आएको बताउनुभएको हो ।

“गान्धीको विकासको सोच, निमुखा जनताप्रति करुणा राख्ने राजनीति थियो तर के अहिलेको राजनीतिक निमुखाको पक्षमा छ त ?”, पूर्वराष्ट्रपति डा यादव भन्नुभयो, “राजनीतिबाट पनि मोक्ष प्राप्ति हुन्छ, राजनीति अरुका लागि, समाजका लागि, देशका लागि, निमुखाका लागि हुनुपर्छ, तर खै सिकेका ? त्यसैले अब युवाले निमुखाको पक्षमा राजनीति गर्नुपर्छ ।” भारतमा गान्धीले समाजसँग, जनतासँग, देशसँग जोडेर स्वतन्त्रताको आन्दोलनको नेतृत्व गरेको चर्चा गर्दै उहाँले चर्खा आन्दोलन गरेर अङ्ग्रेजबाट देशलाई मुक्त गराउन उहाँको योगदान ठूलो रहेको बताउनुभयो । मानिसले नै अहिले प्रकृतिको विनाश गरेर नेपाल मात्रै होइन विश्वमा बढ्दो जलवायु परिवर्तनले २२ औं शताब्दीमै मानव सभ्यता मुस्किल सङ्कटमा पर्ने जनाउँदै उहाँले विश्व सङ्कटमा र आफ्नो देश सङ्कटमा पर्दा पनि देशको नेतृत्व गर्नेलाई कुनै मतलब नभएको टिप्पणी गर्नुभयो ।

कुनै पनि प्रश्न बिना जीवनको अर्थ छैन भन्दै उहाँले मानव जातीले जल, जमिन, हावालगायत प्राकृतिक विनाश निम्त्याउँदा विश्वमा खाद्य सङ्कट, इन्धन सङ्कट बढ्दै जाँदा विश्वमा करोडौँ मानिस भोकमारीको चपेडामा परिरहँदा युक्रेन र रुसको युद्धले विश्व आक्रान्त बनेको बताउनुभयो । कार्यक्रममा दिल्ली विश्वविद्यालयका प्रा रामचन्द्र प्रधान, गान्धी पुरी आश्रमका संस्थापक अध्यक्ष अगष्ट इन्द्र उदियान, भारतीय राजदूतावासका डेपुटी चिफ अफ मिसनका प्रतिनिधि प्रसन्न श्री वास्तब, गान्धी तुलसी दर्शन अध्ययनका शङ्कर तिवारी, जापानी नागरिक किसिमोटो आगुमी, नानाका हिगुची, पूर्व सङ्घीय सांसद दीपक कुइँकेल, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीलगायतले गान्धीले ल्याएको स्वतन्त्रताका बारेमा चर्चा भएको थियो । रासस

# वनमन्त्री यादव स्वदेश फिर्ता

काठमाण्डु । वन तथा वातावरणमन्त्री प्रदीप यादव अमेरिकामा सञ्चालित ग्लोबल मिथेन क्लाइमेट क्लिन एयर फोरम २०२२ को चार दिने कार्यक्रममा सहभागी भइ शुक्रबार स्वदेश फिर्ता हुनुभएको छ ।

यही असोज ११ देखि १४ गतेसम्म सञ्चालन भएको उक्त ग्लोबल मिथेन क्लाइमेट क्लिन एयर फोरम २०२२ को कार्यक्रममा सहभागी हुन मन्त्री यादव नेपाल सरकारका तर्फबाट अमेरिका प्रस्थान गर्नुभएको थियो ।

अमेरिकी सरकारको निम्तोमा त्यहाँ जानुभएका मन्त्री यादवले नेपालको प्रतिनिधित्व गर्दै मिथेन ग्यास उत्सर्जन न्यूनीकरण गर्न राष्ट्रहरुले कस्ता प्राविधिक नीति बनाउने र मिथेनको प्रभावलाई न्यूनीकरण गर्दै यस्को प्रयोग कसरी गर्ने लगायतका विषयमा छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । रासस

# ‘चाडपर्वमा विद्युत्सेवा अवरुद्ध नहोस्’



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले चाडबाडको समयमा नेपाल विद्युत् प्राविधरणले उपलब्ध गराउँदै आएको सेवामा कुनै कमजोरी हुन नदिन निर्देशन दिनुभएको छ ।

उहाँले नेपालीको चाडपर्व सुरु हुन लागेको अवस्थामा सम्पूर्ण कर्मचारी र तिनका परिवार एवं आम जनताको प्रगतिको कामना गर्नुभयो । प्राधिकरणका उच्च तहका कर्मचारीलाई शुक्रबार मन्त्रालयमा शुभकामना दिँदै मन्त्री भुसालले चाडपर्वमा अधिकांश कर्मचारीहरु बिदामा बस्ने भए पनि आफूले चाडपर्व मनाउँदै गर्दा आम जनताको हितमा काम गर्न र अविच्छिन्न विद्युत् सेवा प्रवाह गर्न निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, ‟जनतालाई दिने सेवाप्रति कर्तव्यबोध गर्नुपर्छ । जुनसुकै समयमा सेवाको गुणस्तरीयता घट्नु भएन ।' उहाँले केही बेर पनि विद्युत् गयो भने जनतामा निराशा पैदा हुने उल्लेख गर्दै सो हुन नदिन उच्च सतर्कता अपनाउन आग्रह गर्नुभयो ।

सो अवसरमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कर्मचारीहरु जस्तोसुकै असहज परिस्थितिमा पनि सेवामा लागिरहेको भन्दै यस्ता चाडपर्वका समयमा अझै सक्रियता अपनाउन निर्देशन दिनुभयो । कार्यक्रममा विद्युत् प्राधिकरणका उच्च अधिकारीहरूको सहभागिता थियो ।रासस

# युक्रेनको चार भूभागलाई बेलायतले 'कहिल्यै स्वीकार गर्दैन' : प्रधानमन्त्री



**एएफपी**

लन्डन । प्रधानमन्त्री लिज ट्रसले शुक्रबार भ्लादिमिर पुटिनलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरेको आरोप लगाउनु भएको छ ।

रुसले युक्रेनी कब्जामा रहेका चारवटा भूभाग औपचारिक रूपमा गाभ्ने तयारी गरिरहेको यस अवस्थामा ट्रसले सो कुरा बताउनु भएको छ । ट्रसले रुसी नेताको 'प्रतिनिधित्व भएको दाबी गर्ने युक्रेनी जनताको जीवनप्रति स्पष्ट बेवास्ता गरेको' भन्दै आलोचना गर्नुभएको छ ।

'बेलायतले ती मानिसहरुको सार्वभौम इच्छालाई कहिल्यै बेवास्ता गर्दैन र हामी डोनेट्स्क, लुहान्स्क, खेर्सन र जापोरिज्जिया क्षेत्रहरुलाई युक्रेनी क्षेत्र बाहेक अरू कुनै कुराको रूपमा स्वीकार गर्दैनौं,' उहाँले थप जानकारी दिनु भएको छ।


# प्रधानमन्त्रीद्वारा चीनको प्रसंशा

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफले चीन र यहाँको नेतृत्वको प्रशंसा गर्नुभएको छ ।

पाकिस्तानी प्रधानमन्त्री सरिफले हालै पाकिस्तानमा आएको बाढी पहिरो र यसका कारण भएको जनधनको क्षतिमा चीनले सहयोग गरेको बताउँदै चीनको प्रसंशा गर्नुभएको हो ।

इस्लामावादमा पाकिस्तानका लागि चीनले आज आयोजना गरेको सहयोग हस्तान्तरण कार्यक्रममाा बोल्दै प्रधानमन्त्री सरिफले पाकिस्तानमा आएको बाढी र पहिराले पुऱ्याएको क्षतिपछि समयमै चीनले खाद्यान्न लगायतका सामग्री सहयोग गरेर पाकिस्तानी जनतालाई सान्त्वना प्रदान गरेको बताउनुभयो ।



पाकिस्तानमा बाढीबाट दशौं हजार नागरिक घरबारबिहीन भएका र उनीहरुलाई खाना र बस्नको समस्या भएका बेला चीनले ठूलो सहायता प्रदान गरेको प्रधानमन्त्री सरिफले बताउनुभयो ।

शुक्रबार बिहान इस्लामावादस्थित पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयमा आयोजना भएको सो कार्यक्रममा चीन सरकारले पाकिस्तानलाई छ लाख ५० हजार अमेरिकी डलर बराबरको सहयोग हस्तान्तरण गरेको थियो ।

पाकिस्तानका बाढी पीडितका लागि चीनले अघिल्लो महिनादेखि नै खाद्यान्न, औषधि एवं अन्य सहयोगहरु उपलब्ध गराउँदै आएको छ ।

यस वर्षको मनसुनी वर्षाका कारण पाकिस्तानमा बाढी र पहिरोले ठूलो जनधनको क्षति गराएको छ ।

यसवर्षको सो मनसुनी वर्षाबाट यहाँ एक हजार पाँच सयभन्दा बढीको ज्यान गएको छ भने यहाँका भौतिक लगायतका संरचनाहरुमा क्षति पुगेको छ ।

# अफगानिस्तानको राजधानीमा आत्मघाती बम विस्फोट १९ को मृत्यु

**एएफपी**

काबुल । अफगानिस्तानको राजधानीमा अवस्थित परीक्षा तयारीको खोलिएको एक शिक्षा केन्द्र शुक्रबार भएको आत्मघाती बम आक्रमणमा परी कम्तीमा १९ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

विष्फोट पश्चिमी काबुलको दश्त-ए-बर्ची छिमेकमा भएको थियो । अल्पसङ्ख्यक हजारा समुदायको मुख्य रूपमा शिया मुस्लिम क्षेत्र, अफगानिस्तानको सबैभन्दा घातक आक्रमणहरु लक्ष्य गरिएको पाइएको छ । विद्यार्थीहरु परीक्षाको तयारी गरिरहेका बेला यस शैक्षिक केन्द्रमा आत्मघाती बम हमला भएको थियो । दुर्भाग्यवश, १९ जना मारिएका छन् र अन्य २७ जना घाइते भएका काबुल प्रहरीका प्रवक्ता खालिद जाद्रानले भन्नुभएको छ । यस उच्च शैक्षिक केन्द्रले विद्यार्थीहरूलाई मुख्यतया वयस्क पुरुष र महिलाहरूलाई विश्वविद्यालय प्रवेश परीक्षाको तयारी गर्न प्रशिक्षण दिने गरेको जनाइएको छ ।

परिवारहरू क्षेत्रीय अस्पतालहरूमा पुगेका यहाँ एम्बुलेन्सहरू पीडितहरू लिएर आइपुगेका बताइएको थियो । अस्पतालमा आफ्नी बहिनीलाई खोज्दै आएकी एक पीडित महिलाले एएफपीलाई १९ वर्षकी आफ्नी बहिनी फेला नपरेको बताएकी छिन् ।

## मारिनेमा अधिकांश केटीहरु छन्

**एएफपी**

काबुल । अफगानिस्तानको राजधानीमा शुक्रबार परीक्षा तयारीको खोलिएको एक शिक्षा केन्द्र शुक्रबार भएको आत्मघाती बम विस्फोटमा परी मृत्यु हुनेमा अधिकांश केटीहरु रहेका जनाइएको छ । आक्रमणमा घाइते भएका एक विद्यार्थीले एएफपीलाई बताएका छन् ।

'हामी कक्षाकोठामा करिब ६०० जना थियौं, तर मृत्यु हुनेमा अधिकांश केटीहरु रहेका थिए ' एक पुरुष विद्यार्थीले आफ्नो उपचार भइरहेको अस्पतालमा बताएका छन् ।

# म्यानमारमा ५.२ म्याग्नीच्युडको भूकम्प

**एएनआई**

म्यानमार । म्यानमारमा शुक्रबार ५.२ म्याग्नीच्युडको भूकम्प गएको छ । शुक्रबार बिहान ३ :५२ बजे भूकम्प गएको राष्ट्रिय भूगर्भ केन्द्रले जानकारी दिएको छ ।

भूकम्पबाट हालसम्म धनजनको क्षतिको कुनै विवरण भने प्राप्त नभएको अधिकारीहरुले जनाएका छन् ।

यस भूकम्पको केन्द्रविन्दु करिब एक सय ४० किमीमिटर गहिराईमा २३.०९ डिग्री उत्तरी अक्षांश र ९५.०१ डिग्री पूर्वी देशान्तरमा रहेको राष्ट्रिय भूगर्भ केन्द्रले जानकारी दिएको छ ।

# पाकिस्तानद्वारा सुरक्षा परिषद् विस्तारको विरोध

**एएनआई**

वाशिङ्गटन । पाकिस्तानका विदेश मन्त्री बिलावल भुट्टो जरदारीले आफ्नो देशले संयुक्त राष्ट्र संघ (युएन) सुधारको नाममा भारतलाई संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा सामेल गराउँने लगायतको प्रस्तावको विरोध गर्ने बताएका छन् ।

वासिङ्टनस्थित पाकिस्तानी दूतावासमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सो कुरा बताउँनु भएको हो । पाकिस्तानका विदेशमन्त्रीले भारतको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावको विरोध गरे पनि जलवायु सङ्कटको विषयमा भारत र अन्य देशहरूसँग काम गर्ने इच्छा व्यक्त गर्नु भएको छ । "जलवायु परिवर्तनको मुद्दामा हामीले सँगै काम गर्नुपर्छ । अमेरिका र चीनलाई यसमा सँगै काम गर्न आग्रह गर्छु," उहाँले जोड दिनुभयो।



भर्खरै सम्पन्न संयुक्त राष्ट्रसंघ महासभामा भारतले आफ्नो आर्थिक र विदेश नीतिको विस्तारका निम्ति थुप्रै विकासशील र विकसित राष्ट्रहरूबाट प्रशंसा प्राप्त गरेको छ। कतिपय देशहरूले महासभामा भारतको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावलाई पनि समर्थन गरेका थिए।

यद्यपि महासभामा आफ्नो सम्बोधनका क्रममा पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफले गत हप्ता भारतसँग शान्ति स्थापना गर्ने सवालमा आफ्नो इच्छुक रहेको बताउँदै कश्मीर मुद्दामा समेत ध्यानाकर्षण गराएका थिए ।

"हामी भारत लगायत हाम्रा सबै छिमेकीहरूसँग शान्ति स्थापना गर्न खोज्छौं, दक्षिण एसियामा दिगो शान्ति र स्थिरता आवश्यक छ तथापि जम्मु र कश्मीर विवादको भने न्यायसङ्गत र दिगो समाधानमा निर्भर रहन्छ," सरिफले संयुक्त राष्ट्रसंघ महासभामा उल्लेख गरेका छन् ।

"भारतले रचनात्मक संलग्नताका लागि सक्षम वातावरण सिर्जना गर्न विश्वसनीय कदमहरू चाल्नै पर्छ। हामी छिमेकी हौं र हामी सधैंभरि त्यस्तै व्यवहारको अपेक्षा चाहान्छौं । हामी शान्तिपूर्ण व्यवहार गर्ने कि एकअर्कासँग लडाएइरहने भन्ने छनौट हाम्रो हो," उनले थपे।

भारत कश्मीरका सम्बन्धमा पुरानो केन्द्र शासित क्षेत्र भारतको अभिन्न अङ्ग हो भन्ने आफ्नो लामो समयदेखि दाबीमा अडिग छ ।

शहबाज शरीफको सरकार आएपछि पाकिस्तानले भारतप्रति मेलमिलापको दृष्टिकोण राखेको देखिन्छ। तर भारत सरकारले आतङ्कवाद र वार्ता सँगै नहुने अडान राखेको छ जसले सहज वार्ताबाट समाधान निकाल्न जटिल देखिन्छ ।

# कतार विश्वकप गुमाउने शीर्ष ५ राष्ट्र

**एजेन्सी**

आगामी नोभेम्वर र डिसेम्वरमा कतारमा हुने फिफा विश्वकप कतार २०२२ को मिति नजिकिंदै छ । टोलीहरुले अन्तिम तयारी थालिसकेका छन् । तर, केही राष्ट्रले कतारमा गएर विश्वकप खेल्नुको सट्टा हेरेर चित्त बुझाउनुपर्ने बाध्यता बनेको छ ।

विश्वकप अहिलेसम्मकै सबैभन्दा प्रतिष्ठित प्रतियोगिता हो । विश्वकप खेल्ने र जित्ने हरेक देशको सपना हुन्छ । यो एक फुटबलरले राष्ट्रको लागि दिन सक्ने सबैभन्दा ठुलो सम्मान हो । तर, केही चर्चित र स्टार खेलाडीले भरिएको केही राष्ट्र यसपटक विश्वकपमा छनोट हुन सकेका छैनन् ।

विश्वकपमा ३२ टोलीले मात्रै छनोट हुने गर्दछ । छनोटमा राम्रो गर्न नसकेपछि कतारमा दुई महिनापछि हुने फिफा विश्वकपमा केही राष्ट्र र तिनका खेलाडीले घरमै बसेर हेर्नुपर्ने बाध्यता छ ।



### १. इटाली

सन् २०२२ को फिफा विश्वकपमा इटाली नखेल्ने सबैभन्दा ठूलो टोली हो । विश्वकपको चार पटकको विजेता र वर्तमान युरोपियन च्याम्पियन इटाली लगातार दोस्रोपटक विश्वकपमा छनाट हुन सकेनन् । युरोपेली छनोटमा दोस्रो स्थानमा रहँदै प्लेअफमा पुग्न सफल भयो । प्लेअफ सेमिफाइनलमा, इटाली उत्तरी म्यासेडोनियासँग भिड्यो तर इटालीले उत्तरी म्यासेडोनियासँगको खेलबाट नतिजा आफ्नो पक्षमा पार्न सकेन ।

२०१८ मा पनि छनोट हुन असफल इटालीको लागि यो ठूलो धक्का थियो । इटाली र पोर्चुगलबीचको सम्भावित प्लेअफ फाइनल टाई नतिजाको रूपमा हुन सकेन । कतारमा हुने विश्वकपमा सिरो इमोबिल, मार्को भेराट्टी, जोर्गिन्हो र अन्य धेरै विश्वस्तरीय इटालियन खेलाडीहरू अनुपस्थित छन् ।

यि राष्ट्र बाहेक नर्वे, इजिप्ट, पेरु र युक्रेनलगायतका राष्ट्र पनि विश्वकपमा छनोट हुन असफल भएका छन् ।

### २. स्वीडेन

स्वीडेन प्रमुख युरोपेली राष्ट्रहरू मध्ये एक हो जुन यस वर्षको अन्त्यमा भव्य प्रतियोगिताको हिस्सा हुनेछैन । युरोपेली छनोट समूहमा दोस्रो स्थानमा रहेर प्लेअफमा स्थान बनायो । स्वीडेनले अन्तिम खेलमा चेक गणतन्त्रलाई हराए, तर पोल्याण्डसँग २-० ले पराजित भएपछि फिफा विश्वकप २०२२ मा छनोट हुन असफल भयो ।

स्वीडेन विश्व वरीयतामा १९औं स्थान र युरोपको दोस्रो उच्च स्थानमा रहेको टोलीबाट ज्लाटन इब्राहिमोभिच, एलेक्सान्डर इसाक, भिक्टर लिन्डेलोफ, एमिल फोर्सबर्ग र डेजान कुलुसेभ्स्की विश्वकपमा नदेखिने प्रमुख नाम हुन्।

### ३. कोलम्बिया

दक्षिण अमेरिकी राष्ट्र कोलम्बिया पनि विश्वकपमा छनोट हुन असफल भएको छ। कोलम्विया कन्वेवल क्वालिफायरमा छैटौं स्थानमा रह्यो । कोलम्विया छनोटमा पेरुसँग १ अंकले पछि रह्यो । २००१ कोपा अमेरिका विजेता कोलम्वियाले २३ तथा पेरुले २४ अंक जोड्यो ।

फिफा वरियतामा कोलम्बिया १७औं स्थानमा छ र दक्षिण अमेरिकाको चौथो उत्कृष्ट राष्ट्र हो । कोलम्विया २०१४ मा क्वार्टरफाइनल र २०१८ मा प्रि-क्वाटरफाइनलमा पुगेपनि यसपटक छनोट नै हुन सकेन । लुइस डियाज, जेम्स रोड्रिग्वेज र जुआन कुआड्राडो जस्ता खेलाडीहरू विश्वकपमा बाहिर रहनेछन् ।

### ४. चिली

फिफा विश्वकप २०२२ खेल्नबाट वञ्चित हुने चिली अर्को प्रमुख राष्ट्र हो । चिलीले लगातार दोस्रोपटक विश्वकप गुमाएको हो । उनीहरूको छनोट अभियान निकै निराशाजनक थियो । आफ्नो १८ खेलमध्ये पाँच खेल मात्र जितेर कोपा अमेरिका २०१६ को विजेता दक्षिण अमेरिकी छनोटमा शीर्ष पाँच बाहिर रह्यो । चिली छनोटमा सातौं स्थानमा रह्यो । एलेक्सिस सान्चेज, एलेक्स भिडाल र बेन ब्रेरेटन जस्ता खेलाडीहरूले घरमै बसेर विश्वकप हेर्नेछन् ।

### ५. नाइजेरिया

नाइजेरिया अफ्रिकी फुटबल महासंघको सबैभन्दा बलियो टोली हो । अफ्रिकी राष्ट्र २००६ पछि पहिलो पटक मुख्य ड्रमा पुग्न असफल भएपछि २०२२ फिफा विश्वकपबाट अनुपस्थित हुनेछ । सुपर इगल्स भनेर चिनिने नाइजेरिया घानासँग प्लेअफमा पराजित भएको थियो ।

पहिलो लेग गोलरहित बराबरीमा सकिँदा दोस्रो लेग १-१ गोलको बराबरी हुँदा घाना अवे गोलमा विश्वकपमा छनोट हुन सफल भयो । नाइजेरिया फिफा वरीयतामा ३०औं स्थानमा छ र अफ्रिकाको तेस्रो उच्च स्थानमा रहेको देश हो । भिक्टर ओसिमहेन, अडेमोला लुकम्यान र केलेची इहेनाचो जस्ता खेलाडीहरू कतारमा हुने विश्वकपमा अनुपस्थित हुनेछन् ।


# बुमराहले विश्वकप गुमाउने सम्भावना

**एजेन्सी**

भारतीय क्रिकेट टोलीका प्रमुख हतियार तीव्र गतिका बलर जस्प्रित बुमराहले तीन सातापछि अष्ट्रेलियामा हुने टि२० विश्वकप गुमाउने सम्भावना रहेको छ ।

चोटका कारण पुन : मैदान फर्किएका बुमराह गम्भीर किसिमको ब्याक इन्जुरीको कारण टि२० विश्वकप गुमाउन सक्ने सम्भावना रहेको अन्तर र्राष्ट्रिय मिडियाले जनाएका छन् । बुमराह ४ देखि ६ महिना मैदान बाहिर रहन सक्ने बताइएको छ । उनको बारे भारतले केहि दिनमा औपचारिक निर्णय गर्नेछन् ।

बुमराहलेअघिल्लो साता अष्ट्रेलियाविरुद्ध दोस्रो टि२० आई खेलबाट पूनरागमन गरेका थिए। तेस्रो खेलमा भने बुमराहले ४ ओभरमा ५० रन खर्चेका थिए । जु न



बुमराहले टि२० आई करिअरमा गरेको सबैभन्दा खराब प्रदर्शन थियो ।

भारतका प्रमुख डेथ ओभर र योर्कर स्पेलिष्ट बुमराह नहुँदा बलिङ आक्रामण कमजोर हुने देखिन्छ । टि२० एसिया कपमा बुमराह नहुँदाको असर परेको थियो । २०१६ मा भारतका लागि डेब्यू गरेका बुमराह पछिल्लो एक वर्षभने चोटबाट संघर्ष गरि रहेका छन् ।

बुमराह गत मंगलबार अभ्यासको क्रममा ब्याक इन्जुरी भएको हो । टि२० विश्वकपमा भारतको मोहम्मद शामी र दीपक चाहर छन् । शामी कोरोनाको कारण अष्ट्रेलिया र दक्षिण अफ्रिकाविरुद्ध सिरिज खेलेका थिएनन् । चाहरले दक्षिणअफ्रिकाविरुद्ध पहिलो खेलमा दुई विकेट लिएका थिए।बुमराहनहुँदा चाहरले स्थान लिनसक्ने सम्भावना देखिन्छ ।

चोटका कारण भारतका प्रमुख अलराउन्डर रविन्द्र जडेजाले भने टि२० विश्वकप गुमाई सकेका छन् । भारतले सन् २००७ को पहिलो संस्करणको टि२० विश्वकप उपाधि जितेको थियो । महेन्द्रसिंह धोनीको कप्तानीमा त्यो समय विश्वकप जित्दाका सदस्य रोहित शर्मा र दीनेश कार्तिक अहिले पनि टोलीमा छन् ।

त य स प ि छ भारतले २०१४ को टि२० विश्वकपमा विश्वकपको फाइनलमा पुगेको थियो । फाइनलमा भने श्रीलंकासँग ६ विकेटले पराजित भएको थियो । २०१६ को टि२० विश्वकपमा घरेलु टोली भारत सेमिफाइनलमा वेस्टइन्डिजसँग पराजित हुँदै बाहिरिएको थियो ।

सिरिजमा सानदार प्रदर्शन गर्दै आएपनि ठूला प्रतियोगितामा भारत लगतार चुक्दै आएको छ । टि२० विश्वकप आगमी अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म अष्ट्रेलियाका विभिन्न सहरमा हुनेछ । पहिलो चरणबाट सुपर १२ मा समूहका शीर्ष दुई दुई टोली पुग्नेछन् ।

**भारतको विश्वकप खेल्ने टोली :** रोहित शर्मा (कप्तान), लोकेश राहुल(उपकप्तान), विराट कोहली, सूर्यकुमार यादव, दीपक हुडा, ऋषभ पन्त, दीनेश कार्तिक (विकेटकिपर), हार्दिक पान्ड्या, रविचन्द्रन आश्विन, युजभेन्द्र चहल, अक्षर पटेल, जस्प्रित बुमराह, भुवनेश्वर कुमार, हर्षल पटेल र अर्शदीप सिंह ।

**वैकल्पिक** : मोहम्मद शामी, श्रेयस ऐर, रवि विश्नोई र दीपक चाहर ।

**पहिलो चरणको समूह ए** – श्रीलंका, नामिबिया र युएई, नेदरल्याण्ड्स

**समूह बी** – वेस्टइन्डिज, स्कटल्यान्ड, आयरल्यान्ड र जिम्बावे

**सुपर १२ को समूह** १ – इंग्ल्यान्ड, न्युजिल्यान्ड, अष्ट्रेलिया, अफगानिस्तानसँगै पहिलो चरणको समूह ए को विजेता र समूह बी को उपविजेता

**सुपर १२ को समूह** २ – भारत, पाकिस्तान, दक्षिण अफ्रिका, बंगलादेशसँगै पहिलो चरणको समूह बी को विजेता र समूह ए को उपविजेता

# कल सेन्टरमा आगलागी

**एएनआई**

नोएडा । भारतको उत्तर प्रदेशको नोएडाको सेक्टर ३ मा रहेको कल सेन्टरमा शुक्रबार आगलागी भएको छ । सो अगलागीमा फसेका पाँच जनाको सकुशल उद्धार गरिएको छ ।

प्रमुख अग्नि नियन्त्रकका अनुसार नोएडाको एक भवनमा बिहान ७.४५ बजे आगलागी भएको थियो र समयमै घटनास्थलमा पुगेका थुप्रै दमकलहरूले फसेका मानिसहरूलाई उद्धार गर्न सफल भएका थिए।

कार्यालयका प्रमुख कार्यकारी अधिकृत सुशील कुमार सिंहले आगलागीमा परेका करिब पाँच जनालाई पछि सकुशल उद्धार गरिएको र सो क्षेत्रलाई तुरुन्तै धुवामुक्त गरिएको थियो जसबाट सम्भावित ठुलो क्षति भने हुन पाएन। आगलागीको कारण भने खुल्न सकेको छैन ।

# सोमालियामा अल सेबाबका चालिस आतङ्ककारी मारिए

**सिन्ह्वा**

मोगादिसु । सोमालियामा यहाँको सेनाले गरेको कारबाहीका क्रममा यहाँका अल सेबाब आतङ्ककारी सङ्गठनका ४० जना आतंककारीको मृत्यु भएको जनाएको छ ।

सोमालियाली सेनाले सो कुराको जानकारी दिएको हो । बिहीबार यहाँको मध्य क्षेत्रीय हिरान क्षेत्रमा गरेको कारबाहीका क्रममा ती लडाकाहरु मारिएका बताइएको हो ।

सोमाली सेनाका कमाण्डरले सोमालियाली समाचार समितिलाई बिहीबार दिएको जानकारीअनुसार यहाँको राष्ट्रिय सेनाले मध्य सोमालियाको हिरान सहरमा गरेको कारबाहीका क्रममा ४० जना लडाका मारिएका र अरु केही घाइते भएका जनाएका छन् ।

सो कारबाहीका क्रममा अल सेबाब समूहका एकजना कमाण्डर पनि मारिएका बताइएको छ । त्यसक्रममा अल सेबाब आतङ्ककारी सङ्गठनका कैयौं हातहतियार पनि कब्जा गरिएको बताइएको छ ।

कारबाहीका क्रममा यहाँको सेनाका कमाण्डर पनि मारिएका छन् । उनलाई अल सेबाब संगठनका आतङ्ककारीले गोली हानेका थिए ।

हिरान क्षेत्रमा अल सेबाबका लडाकाहरुले विगत लामो समयदेखि आतङ्क मच्चाइरहेका र सोही सूचनाका आधारमा उनीहरुमाथि यहाँको सेनाले कारबाही थालेको बताइएको छ ।

# रुसी आक्रमणमा २३ युक्रेनी नागरिकको मृत्यु

**एएफपी**

किभ । युक्रेनले शुक्रबार मस्कोलाई दक्षिणी जापोरिज्जिया क्षेत्रमा नागरिक कारहरुमा गोली हानेको आरोप लगाएको छ । यसमा परी कम्तीमा २३ सर्वसाधारणको ज्यान गएको बताइएको छ ।

यस आक्रमणमा परी २८ सर्वसाधारण घाइते भएका जापोरिज्जिया क्षेत्रीय गभर्नर ओलेक्जेन्डर स्टारुखले बताउनु भएको छ ।

जापोरिज्जिया रुसी कब्जामा रहेको क्षेत्रका क्रेमलिन समर्थक अधिकारीले किभलाई दोष दिए र आक्रमणको पछाडी रुसी सेनाको हात रहेको अस्वीकार गरेका छन् ।

भ्लादिमिर रोगोभले सामाजिक सञ्जालमा युक्रेनी सेनालाई 'आतङ्कवादी कार्य' गरेको आरोप लगाउँदै भने, "किभको शासनले रुसी सेनाले गरेको गोलाबारीलाई जघन्य उत्तेजनाको रूपमा चित्रण गर्ने प्रयास गरिरहेको छ ।'


जापोरिज्जियाका गभर्नरले भने कि रुसी सेनाले ' क्षेत्रीय केन्द्रबाट बाहिर निस्कने बाटोमा नागरिकहरुमाथि रकेट आक्रमण गरे'।'मानिसहरू अस्थायी रूपमा कब्जा गरिएको इलाका छोड्न, आफ्ना आफन्तहरूलाई लिन र सहयोग लिन लाइनमा उभिरहेका थिए,' उहाँले सामाजिक सञ्जालमा भन्नुभएको छ ।

# बुटवलका सडकमा खुला दूध बेच्न रोक

रुपन्देही। बुटवल उपमहानगरपालिकाले खुलारूपमा सडक किनारमा दूध बिक्री वितरणमा रोक लगाएको छ।

उपप्रमुख तथा अनुगमन समिति संयोजक सावित्रादेवी अर्यालको अध्यक्षतामा बसेको दुग्ध व्यवसायीसहितको बैठकले दूधको कारोबार गर्ने व्यवसायी र किसानलाई अनिवार्यरूपमा दर्ता गर्न र खुलारूपमा सडक किनारमा दूधको बिक्री वितरण रोक्न आग्रह गर्ने निर्णय गरेको हो।

दुग्धजन्य पदार्थलाई व्यवस्थित तथा स्वस्थकर



बनाउनका लागि दूध र दूधजन्य पदार्थको गुणस्तर परीक्षणका लागि ल्याब किड्स मेसिनसहितको ल्याब स्थापना गर्ने निर्णय बैठकले गरेको अर्यालले बताउनुभयो।

यस्तै बैठकले दूधजन्य पदार्थलाई गुणस्तरीय र स्वस्थकर बनाउन दूध विक्रेता, किसानलगायत दूधको कारोबारमा संलग्न डेरी व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा सहयोग र समन्वय गर्न कार्यदल गठन गरेको छ।

रुपन्देही डेरी व्यवसायी सङ्घका अध्यक्ष गणेशप्रसाद भण्डारीको संयोजकत्वमा गठन भएको कार्यदलमा डेरी व्यवसायी कृष्ण भट्टराई, रामकृष्ण शर्मा पौडेल, उमादेवी शर्मा र संजोग श्रेष्ठ सदस्य रहनुभएको छ भने सदस्यसचिवमा बुटवल उपमहानगरपालिकाका पशुपक्षी विकास शाखा प्रमुख रहनुभएको छ।

बैठकले दूधको मूल्य निर्धारण गरी कार्यान्वयन गराउने निर्णय गरेको उपप्रमुख अर्यालले बताउनुभयो। रासस

# यतीको नयाँ विमानबाट आजदेखि व्यावसायिक उडान सुरु

काठमाण्डु। निजी क्षेत्रको अग्रणी हवाई संस्था यती एअरलाइन्सको नयाँ विमानले आजदेखि व्यावसायिक उडान सुरु गरेको छ। गत भदौ २० गते विमानलाई प्राधिकरणले नाइनएन-एएमजेट कल साइन दिएको छ। सत्तरी सिट क्षमताको उक्त विमान अष्ट्रेलियन कम्पनीसँग लिजमा ल्याएको हो। एमएसएन नं ९८६




छैटौं एटिआर ७२-५०० विमान थप गरेको यतीले शुक्रबारदेखि व्यावसयिक उडान सुरु गरेको हो।

नयाँ थपिएको विमानले आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट उडान अनुमति लिएर आज बिहान ८.२० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विराटनगरका लागि उडान भर्ने तालिका रहेको एअरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिनुभयो। सो भएको उक्त विमानको जम्मा आठ हजार दुई सय ७३ साइकल र १० हजार दुई सय ९१ घण्टा मात्र उडान भरेको प्रवक्ता बर्तौलाले जानकारी दिनुभयो।

एटिआर कम्पनीले उत्पादन गरेको ७२-५०० सिरिजको विमानमा यो सबैभन्दा पछिल्लो उत्पादन हो। कम्पनीले यो विमानपश्चात् थप एउटा मात्र विमान उत्पादन गरेर सो सिरिजको उत्पादन नै बन्द गरि ७२-६०० सिरिजका विमानहरुको उत्पादन सुरु गरेको हो।

नेपालमा ट्रङ्क रुटमा उडान गर्ने अन्य विमानभन्दा यो नै पछिल्लो र कम उडान भरेको विमान हो। विमानको आयु यसको साइकल र उडान घण्टामा आधारित हुन्छ। एटिआर विमानको साइकल ७० हजारभन्दा बढी हुन्छ। एक उडानलाई एक साइकल गणना गरिन्छ।

"नेपालीको महान् पर्व वडादसैंको शुभसाइत पारेर हामीले उडान सुरु गरेका छौं, यसले दसैंको बेला हुने उडान चापलाई कम गर्न र समयमै उडान भर्न सहयोग पुग्ने विश्वास हामीले लिएका छौं", प्रवक्ता बर्तौलाले भन्नुभयो। उत्कृष्ट इन्टेरियर, लग्जरी सिटको साथै वातानुकुलित उक्त विमानको यात्रा अझ बढी आरामदायी हुने यती एअरलाइन्सले जनाएको छ।

सो एअरलाइन्सले हाल नेपालको सुगम गन्तव्य काठमाण्डु चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगन्जलगायत पर्वतीय उडानमा आफ्नो सेवा दिँदै आएको छ भने अन्तरास्ट्रियतर्फ चार्टर र नन सेड्युल उडान गर्दै आएको छ।रासस

# दसैँलाई सहकारीका खसीबोका



बलेवा।सडकमाहिमालपारिका खसी भरिभराउ छन्। बजारमा हिमालपारिका खसी (च्याङ्ग्रा) किन्ने भीड देखिन्छ। मुस्ताङबाट आएका च्याङ्ग्राको सामान्य मूल्य रु ४५ हजारभन्दा माथि नै छ। मध्यम परिवारले समेत प्रयोग गर्न नसक्ने गरी महँगिएको च्याङ्ग्राको मूल्यले यहाँका कतिपय गाउँसँग भने साइनो राख्दैनन्।

बागलुङका ग्रामीण क्षेत्रका किसानको सक्रियतामा गठन भएका सहकारी र कृषक समूह आफैंले खसीबोका उत्पादन गर्छन्। समूह र सहकारीका सदस्यलाई चाहिने खसीबोका राखेर बाँकी बिक्री गर्छन् र दसैं खर्च चलाउँछन्। दसैंलाई लक्षित गरेर समूह तथा सहकारीहरूले स्थानीय जातको बसीबोका खरिद-बिक्री सुरु गरेका छन्।

चाडपर्वमा हुने मासुको खपतलाई पूर्ति गर्न सहकारीले संस्थामा आवद्ध सेयर सदस्यले उत्पादन गरेका खसीबोका एकीकृत गरी बजारीकरण थालेका हुन्। पशुवस्तुको मूल्य शृङ्खलामा आधारित साना किसानहरूको संस्था सवलीकरण परियोजनाअन्तर्गत गठन भएका सहकारीहरूले हरेक वर्ष दसैं र तिहारलाई लक्षित गरी स्थानीय जातका खसीबोका खरिद बिक्री गर्दै आएको परियोजनाको बजार सहजकर्ता रीतादेवी शर्माले जानकारी दिनुभयो।

यो वर्ष बागलुङको काठेखोला गाउँपालिका-४ तंग्रामको वसन्त सामाजिक उद्यमी महिला सहकारीले छ सय पाँच, वसन्त सामाजिक महिला उद्यमी सहकारीले छ सय, जैमिनी नगरपालिका-३ को रुद्रताल सहकारीले सात सय २५, भाग्यदय सहकारीले चार सय ७५, पर्वतको फलेवास नगरपालिका-१० को हराभरा सामाजिक महिला उद्यमी सहकारीले सात सय ५०, महाशिला गाउँपालिका-६ को सक्रिय सामाजिक महिला उद्यमी सहकारीले सात सय १० खसीबोका बिक्री गर्ने लक्ष्य छ। पर्वतको महाशिला गाउँपालिका-८ को पैयुकोट सामाजिक उद्यमी महिला सहकारीले आठ सय ८०, फलेवास नगरपालिका-८ को ठानामौला सामाजिक महिला उद्यमी सहकारीले तीन सय ९०, बरपाण्डेथुम सहकारी संस्था कास्कीले तीन सय ५५, मिजुरे सहकारी संस्था कास्कीले आठ सय ४५ वटा खसीबोका बिक्री गर्ने योजना छ।

"सेयर सदस्यसँग खसीबोका सङ्कलन गरेर बजार पठाउन थालेका छौं" वसन्त सामाजिक महिला उद्यमी सहकारी संस्थाका प्रबन्धक हेमा विकले भन्नुभयो, "दसैंको दुई दिनमा ३३५ वटा विक्री गरेका छौं।" सहकारीले नै बजारको खोजी गर्ने हुँदा कृषकलाई बजारीकरणको चिन्ता छैन।

कृषकले पालेका खसीबोका सहकारीको माध्यस्तमार्फत बिक्री हुन थालेपछि बाख्रापालक कृषक उत्साहित छन्। "हामीलाई बजारको चिन्ता छैन", कृषक तंग्रामकी मनकुमारी पुनले भन्नुभयो, "जति भए पनि सहकारीले खरिद गरेर बिक्री गरिदिन्छ।"

चाडपर्वमा मात्रै होइन अन्य समयमा समेत यहाँका किसानले राम्रो खसीबोका उत्पादन गर्ने गरेका छन्। हिमाली च्याङ्ग्राको मूल्यवृद्धिका कारण स्थानीय जातका खसीबोकाको माग अत्यधिक बढेको किसानहरू बताउँछन्। उत्पादन लागत र बजार मूल्यको हिसाब गर्दा हुने मुनाफाबाट किसान सन्तुष्ट छन्। "पहिले बजार खोज्दै जानुपर्थ्यो, अहिले ग्राहक घर-घरमा आउन थालेका छन्", विकले भन्नुभयो, "हिमाली क्षेत्र र तराई भागबाट आउने खसीबोका कम हुँदा स्थानीय उत्पादनले बजार पाएको छ।"

सहकारीले आफ्ना सदस्यसँग २५ किलोसम्मको खसी रु पाँच सय १० मा खरिद गरी श्र पाँच सय २० मा र २५ किलोमाथिका खसीकोका प्रतिकेजी रु पाँच सय ५० मा खरिद गरी रु पाँच सय ६० मा बिक्री गर्दै आएका छन्। गैरसरकारी संस्था विवाइसी बागलुङ्ले स्थानीय व्यवस्थापनमा सञ्चालित हेफर इन्टरनेशनलको साना किसान सवलीकरण परियोजनाअन्तर्गत गठित तीन जिल्लाका सहकारीमा छ हजार दुई सय ७८ जना सेयर सदस्य आबद्ध छन्।रासस

# पेट्रोलियम पदार्थको खपत ७५ प्रतिशतले बढ्यो

काठमाण्डु। दसैं नजिकिएसँगै मुलुकभर पेट्रोलियम पदार्थको खपत ह्वात्तै बढेको छ। विगतको तुलनामा दसैं सुरु भएसँगै डिजेल र पेट्रोलको खपत ७५ प्रतिशतले बढेको नेपाल आयल निगमले जनाएको छ। साविक २२ लाख लिटर पेट्रोल खपत हुने गरेको थियो। हिजोआज पेट्रोलको खपत दैनिक ३५ लाख लिटर पुगेको निगमले जनाएको छ। डिजेल दैनिक ५५ लाख लिटर खपत भइरहेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो। साविकमा दैनिक औसत ३५ लाख डिजेल खपत हुँदै आएको थियो।

दसैं मनाउन सर्वसाधारण उपत्यका बाहिरिन थालेसँगै काठमाडौँका केही पेट्रोल पम्पमा इन्धन भर्नेको लामो लाइन लागेको छ। आजदेखि सरकारी तथा निजी कार्यालय दसैं बिदासम्म बन्द भएका छन्। कार्यालय बिदा भएसँगै उपत्यकाबाट बाहिरिनेको चाप बढेको छ। दसैंका बेला सार्वजनिक बिदा भए पनि डिपो खुला रहने निगमका प्रवक्ता उपाध्यायले जानकारी दिनुभयो। चाडपर्वका अवधिमा देशैभरि पेट्रोलियम पदार्थको सहजरुपमा बिक्री वितरणको व्यवस्था मिलाउन निगमका डिपो स्थानीय आवश्यकताका आधारमा खुला रहने व्यवस्था मिलाइएको उहाँको भनाइ छ। "देशभर पेट्रोलियम पदार्थको सहज आपूर्ति भइरहेको छ", उहाँले भन्नुभयो,



"आवश्यकताअनुसार देशभरका डिपो खुल्नेछन्।"

दशैं बिदाका दिन विराटनगरस्थित १ नं प्रादेशिक कार्यालय, अमलेखगञ्जस्थित मधेस प्रादेशिक कार्यालय, थानकोटस्थित बागमती प्रादेशिक कार्यालय, पोखरास्थित गण्डकी प्रादेशिक कार्यालय, भैरहवास्थित लुम्बिनी प्रादेशिक कार्यालय, सुर्खेतस्थित कर्णाली प्रादेशिक कार्यालय र धनगढीस्थित सुदूरपश्चिम प्रादेशिक कार्यालय आवश्यकताअनुसार खुल्ने निगमले जनाएको छ। यस्तै निगमको झापाको चारआलीस्थित शाखा कार्यालय धनुषास्थित इन्धन बिक्री डिपो, वीरगञ्जस्थित शाखा कार्यालय, दाङस्थित इन्धन डिपो र दिपायलस्थित शाखा कार्यालय बिदाका दिन पनि आवश्यकताअनुसार खुल्नेछन्।रासस

# मङ्सिर २९ गतेदेखि पुस ६ गतेसम्म

विराटनगर। उद्योग सङ्गठन मोरङले विराटनगरमा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी (विराट एक्स्पो) आयोजना गर्ने भएको छ।

सो प्रदर्शनी आगामी मङ्सिर २९ गतेदेखि पुस ६ गतेसम्म चल्ने सङ्गठनका अध्यक्ष सुयश प्याकुरेलले जानकारी दिनुभयो। विराटनगरमा लामो समयदेखि यस्तो प्रदर्शनी चल्दै आएकाले यसको र आर्थिक कारोबार चलायमन बनाउन कार्यक्रमको आयोजना हुने उहाँको भनाइ छ।




कृषि, पर्यटन, उद्योग र व्यापारको प्रवर्द्धनका लागि सातौँ संस्करणको 'विराट एक्स्पो' स्नातकोत्तर क्याम्पस विराटनगर-१४ स्थित पुरानो हवाई मैदानमा हुने बताइएको छ। सङ्गठन अध्यक्ष प्याकुरेलले कृषि उत्पादन, कृषि उद्यम, उद्योग, पर्यटनलगायतका क्षेत्रको विकासमा योगदान पुऱ्याउन एक्स्पो आयोजना गरिएको बताउनुभयो।

सङ्गठनका उपाध्यक्ष एवं विराट एक्स्पो-२०७९ का संयोजक भोलेश्वर दुलालले अर्थतन्त्रलाई चलायमान बनाउन एक्स्पोले थप मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो।

मोरङ व्यापार सङ्घका अध्यक्ष नवीन रिजालले समान उद्देश्य रहेका संस्थाबीच सहकार्य गरेर बढीभन्दा बढी एक्स्पो आयोजना गर्नुपर्नेमा जोड दिनुभयो।

उद्योगीबीच अनुभव आदानप्रदान, स्टार्टअप कर्नर, पर्यटकीय गन्तव्यको जानकारी तथा दैनिक प्याकेज टुर, स्थानीय खानाको परिकारको व्यवसायीकरणको खोजी एक्स्पोबाट गरिने छ। प्रदर्शनीमा चार सय १५ स्टल राखिने भएको छ भने स्वदेश तथा भारत, बङ्गलादेश, भूटान, पाकिस्तान, थाइल्याण्ड, चीनका उत्पादन, वितरक तथा बजार प्रवर्द्धकको समेत स्टल रहने छन्।

एक्स्पोमा स्थानीय तथा भारतीयसहित तीन लाख सर्वसाधारणले अवलोकन गर्ने अनुमान गरिएको छ भने रु ५० करोडको व्यापार हुने दाबी गरिएको छ। एक्स्पो आयोजनाका लागि रु दुई करोड ५० लाख खर्च हुने आयोजकले जनाएको छ।रासस

# बाख्रापालनबाटै आत्मसन्तुष्टि

दमौली। तनहुँको ऋषिङ गाउँपालिका-१ बाफल निवासी सोमबहादुर आलेमगर १४ वर्ष विदेश बस्नुभयो। साउदीमा बस्दा उहाँको काम भेडाबाख्रा चराउने थियो। परदेशमा पसिना र परिश्रम बगाएको १४ वर्षपछि उहाँ घर फर्किनुभयो २०५८ सालमा।

घर फर्किएपछि अब विदेश नजाने सोच उहाँमा पलायो। विदेशमा बगाउने जति पसिना नेपालमै बगाउन सकिए आम्दानी गर्न सकिन्छ भन्ने ध्येयका साथ उहाँले विसं २०६२ बाट बाख्रापालन सुरु गर्नुभयो। "सुरुमा त के गर्ने भन्ने लागिरहेको थियो, पछि पशुपालन गर्छु भन्ने सोच आयो, परिवारसँग पनि सल्लाह गरेर बाख्रापालन सुरु गरेँ", आले भन्नुहुन्छ, "सुरुआती चरणमा थोरै बाख्रा पालेर व्यवसायलाई अगाडि बढाएँ।" विसं २०७२ मा भने फार्म नै दर्ता गरी व्यावसायिक रुपमा बाख्रापालन गरिरहेको आले बताउनुहुन्छ।

परिवारसँगै बसेर घरमै व्यवसाय गर्दा आत्मसन्तुष्टि मिलेको उहाँ बताउनुहुन्छ। "अर्काको देशमा घरपरिवार छाडेर बस्दा मन कत्ति पनि रमाउँथेन, अहिले परिवारसँगै बसेर बाख्रापालन गर्दा सन्तुष्टि मिलेको छ।" विदेशमा भेडाबाख्रा चराउने काम गरेको अनुभव आलेलाई स्वदेशमा फाइदा भएको छ।

आलेलाई जेठो छोरा र श्रीमतीले बाख्रापालनमा सघाइरहनुभएको छ। "श्रीमती र छोराको सहयोगले पनि बाख्रापालन व्यवसाय अगाडि बढाउन मद्दत मिलेको छ", उहाँले भन्नुभयो। विदेशमा गएर दुःख गर्नुभन्दा स्वदेशमै बसेर केही न केही काम गर्न सके आनन्द आउने उहाँले सुझाव दिनुभयो।

आलेको बाख्राफार्ममा अहिले ८० भन्दा बढी बाख्रा छन्। बाख्रा बेचेर वार्षिक रु चार/पाँच लाख आम्दानी हुने गरेको छ। बाख्रा बिक्रीका लागि कुनै समस्या छैन। बाख्रा खरिदका लागि व्यापारी घरसम्मै आउने गरेका छन्।

सोही ठाउँका रुपबहादुर थापा पनि बाख्रापालनमा आबद्ध हुनुहुन्छ। उहाँले ५० भन्दा बढी बाख्रापालन गरिरहनुभएको छ। "बाख्रापालन नै आम्दानीको मुख्य स्रोत हो, बाख्रा पालेरै घरखर्च चलाउँदै आएको छु", उहाँ भन्नुहुन्छ, "आफूले जे गरेको छ त्यसमै सन्तुष्टि हुनुपर्छ।" यही ठाउँकै आइतसिंह आले, सन्तबहादुर आलेलगायत २१ घरधुरी बाख्रापालनमा आबद्ध छन्। सबैले १५/२० वटा बाख्रापालन गरिरहनुभएको छ। यहाँका स्थानीयवासीको घरमा बाख्रा नहुने कुनै घर छैन। यहाँका स्थानीयवासीले यस वर्षको दसैंका लागि रु सात लाख बराबरको खसीबोका बिक्री गरेका छन्। कृषकले पालेका ३० वटा बाख्रा एकैचोटि बिक्री गरिएको छ। प्रतिकिलो रु पाँच सय ८० का दरले बाख्रा बिक्री गरिएको छ।

भीमाद नगरपालिका-९ पाथर्दीका शिवकुमार आले २०६८ सालदेखि बाख्रापालनमा आबद्ध हुनुहुन्छ। उहाँको बाख्रा फार्ममा अहिले ६० भन्दा बढी बाख्रा छन्। आलेले बाख्रापालनबाट वार्षिक रु आठ/नौ लाख आम्दानी गर्नुहुन्छ। आत्मविश्वास, हातमा सीप र निरन्तरको प्रयासले मानिस सफल हुन्छ भन्ने प्रमाणित आलेले गर्नुभएको छ। विसं २०६८ सालमा सव ओभरसियरको पढाइ उत्तीर्ण गर्ने बित्तिकै आलेले व्यावसायिक रुपमा बाख्रापालनमा सुरु गर्नुभएको थियो। बुबाले परम्परागत रुपमा बाख्रापालन गर्दै आएकामा आलेलाई त्यसलाई व्यावसायिकमा रुपान्तरण गर्नुभएको थियो।

सव ओभरसियर उत्तीर्ण भएपछि जागीर नखाएर किन पशुपालनतर्फ लागेको भन्दै गाउँलेले भन्ने गरेको स्मरण



गर्दै आले सम्झिनुहुन्छ, "मैले गाउँमै बसेर पशुपालनमार्फत् गाउँलाई नमूना बनाउँछु भन्ने अठोट लिएर यसतर्फ अगाडि बढे।" बाख्रापालनका लागि आधुनिक बाख्रा खोर निर्माण गरिएको छ। अन्न फल्ने खेतबारीमा बाख्राका लागि घाँसखेती गर्दा कमैले मात्रै उत्प्रेरणा प्रदान गरे पनि उहाँले आफ्नो कर्म कहिल्यै छाड्नुभएन। फलस्वरुप उहाँ अहिले जिल्लाकै नमूना बाख्रापालक कृषकको रुपमा परिचित हुन सफल हुनुभएको छ।

आलेले बाख्रापालनका लागि १५ हजारभन्दा बढी घाँसका बिरुवा रोप्नुभएको छ। "पहिला-पहिला त गाउँमा बसेर के पशुपालन गरेको विदेश जाउ पनि भन्थे तर अहिले मेरो सफलता देखेर अन्य मानिसले समेत हौसला दिने गरेका छन्", उहाँ खुसी हुँदै भन्नुहुन्छ। साना किसान लघुवित्तमार्फत दश महिना इजरायल बसेर फर्किनुभएका आलेले पशुपालनको क्षेत्रमा थप कुरा सिक्ने अवसर पाएको उल्लेख गर्नुभयो। आले भन्नुहुन्छ, "इजरायलमा बस्दा कृषिको बारेमा धेरै कुरा सिक्न पाएँ। पानीको अभावमा पनि इजरायलमा राम्रो खेती भएको रहेछ। हाम्रोमा त प्राकृतिक रुपमा नै पानी प्रशस्त छ त्यसलाई सदुपयोग गर्नसके धेरै काम गर्न सकिन्छ।"

साना किसान सहकारीबाटै आलेले केही दिन अगाडि मात्रै रु एक लाख बराबरको पुरस्कार प्राप्त गर्नुभएको छ। उहाँ जिल्लाबाट पनि उत्कृष्ट बाख्रापालक कृषकको रुपमा पुरस्कृत भइसक्नुभएको छ। भिमाद नगरपालिका-९ का वडासदस्य रहनुभएका आलेले बाख्रापालनबाटै नाम र दाम कमाएको उल्लेख गर्नुभयो। "मलाई बाख्रापालनबाटै जिल्ला र देशभरि चिन्छन्", आलेले भन्नुभयो। पाथर्दीका हरेक घरधुरी बाख्रापालन व्यवसायमा आबद्ध छन्। यहाँका ६० घरधुरीले बाख्रापालनबाट आम्दानी गरिरहेका छन्। दिलमाया थापा, लुमाया थापा, देवी मोक्तान आले, नरमाया थापा, श्रीमाया आले, खेमबहादुर थापा, टकबहादुर थापा लगायत व्यावसायिक बाख्रापालनमा आबद्ध हुनुहुन्छ।

परम्परागत रुपमा मात्रै बाख्रापालन गर्दै आएका यहाँका कृषकले २०७१ सालदेखि व्यावसायिक रुपमा बाख्रापालन गर्दै आउनुभएको छ। यहाँका कृषकले घटीमा १० र बढीमा ७० बाख्रा पालिरहनुभएको छ। यहाँका कृषकको आम्दानीको स्रोत नै बाख्रापालन बनेको छ। बाख्रापालनमा युवादेखि वृद्धसम्मको आकर्षण बढेको छ। परम्परागत रुपमा बाख्रा पाल्दै आउनुभएका श्रीमाया आलेले व्यावसायिक बाख्रापालनका लागि लाखौं खर्चिएर सुधारिएको खोर निर्माण गर्नुभएको छ। आलेले रु १२ लाखको लागतमा सुधारिएको खोर निर्माण गर्नुभएको छ। उक्त खोरमा बाख्राका लागि खेल्ने छुट्टै ठाउँ बनाइएको छ। खोरमा दाना ख्वाउन, पाठापाठी राख्न, बोका राख्न र सुत्केरी माउ राख्न छुट्टाछुट्टै ठाउँ बनाइएको छ।

बाख्रापालनका लागि आलेले १५ रोपनी क्षेत्रफलमा घाँस खेती गर्नुभएको छ। किम्बु, भटमासे, इन्दु, मेन्दोला, इपिलइपिल, बकाइनो, बडहर, टाँकी र भुईघाँसमा सुम्बा सेटारिया, सियो फोर, सियो थ्री र मोलाटो जातका घाँस खेती गरिएको आलेले बताउनुभयो। बाख्रापालन आम्दानीको मुख्य स्रोत बनेको बाख्रापालक कृषक नरमाया थापा बताउनुहुन्छ। थापाले भन्नुभयो, "पहिला-पहिला बाख्रा पालेर पैसा कमाउनुपर्छ भन्ने ज्ञान नै थिएन। मकैमा हाल्न मलको लागि मात्रै बाख्रा पाल्थ्यौं।" निर्वाहमुखी रुपमा मात्रै गरिने बाख्रापालनले आम्दानी नहुने थाहा पाएपछि व्यावसायिक रुपमा नै बाख्रापालनलाई अगाडि बढाइएको उहाँले बताउनुभयो।

उहाँले २६ वटा बोयर जातको बाख्रा पाल्नुभएको छ। बाख्रालाई खुवाउनका लागि किम्बु, भटमासे, इन्दु, मेन्दोला, इपिलइपिल, बकाइनो, बडहर, टाकी र भुईघाँसमा सुम्बा सेटारिया, सियो फोर, सियो थ्री र मोलाटो जातका घाँस खेती गरिएको छ। बाख्रापालनबाट वार्षिक चार लाखभन्दा बढी आम्दानी हुने गरेको छ। पाथर्दीलाई बाख्रापालनको नमूना गाउँ बनाउने लक्ष्य राखिएको छ। पाथर्दीलाई बोयर जातको बाख्राको स्रोत केन्द्र बनाउने लक्ष्य राखिएको निवर्तमान वडाध्यक्ष इमान थापाले बताउनुभयो। "पर्यटन र पशुपालनलाई जोडेर यस ठाउँको विकास गर्न लागेका छौँ", उहाँले भन्नुभयो।

तनहुँमा पशुपालनतर्फ कृषकको आकर्षण बढ्दो छ। यहाँका भौगोलिक अवस्थित र हावापानीको विविधता एवं विशिष्टिताले गर्दा बाख्रापालनका लागि सम्भावना रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका प्रमुख डा बालकुमार श्रेष्ठ बताउनुहुन्छ। "बाख्रापालनबाट आम्दानी हुन थालेपछि कृषकको यसप्रति आकर्षण बढ्दो छ, परम्परागत रुपमा मात्रै बाख्रा पालिरहेकाले पनि व्यावसायिक बनाएका छन्", डा श्रेष्ठ भन्नुहुन्छ। आर्थिक वर्ष २०७७/७८ मा बाख्राको सङ्ख्या ३८ हजार सात सय ३७ रहेकामा २०७८/७९ मा ३९ हजार चार सय ३४ पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा तीन सय १० बाख्राफार्म रहेकामा २०७८/७९ मा ३१ नयाँ बाख्रा फार्म थपिएको केन्द्रले जनाएको छ। केन्द्रले कृषकलाई बाख्रापालनतर्फ आकर्षित गराउने उद्देश्यले अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।रासस

# नवरात्रको पाँचौं दिन स्कन्दमाताको पूजा आराधना



टुडे समाचारदाता

जनकपुरधाम । नवरात्रको पाँचौं दिन दसैं घर वा पूजा कोठामा नौ दुर्गामध्येकी पाँचौं स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको छ ।

प्रत्येक वर्ष आश्विन शुक्ल पञ्चमी अर्थात् दुर्गा पक्षको पाँचौं दिन स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिन्छ। पौराणिक ग्रन्थमा स्कन्दमाताका विषयमा कथा वर्णन गरिएको छ।

कुनै समय शिव र पार्वती ऋषिका सभामा जाँदा सबैले उठेर स्वागत गरे । ऋषि सनतकुमार ध्यानमा मग्न भएकाले उठेनन् । यो पार्वतीलाई मन परेन । पार्वतीले ऋषिलाई 'तिमी ऊँट बन' भनी श्राप दिइन् । ऋषि ऊँट बने । शिवले पार्वतीलाई 'ज्ञानीलाई कुनै श्रापले स्पर्श गर्न सक्दैन, यसैले ऊँटका योनिमा पनि आफ्नो ब्रह्मस्वरुप ज्ञानले आनन्दमा मस्त छन्' भनी दुवै दम्पती ऊँटधारी सनतकुमारलाई हेर्न गएछन् ।

पार्वतीले ऋषिलाई ऊँटको योनिमा कस्तो अनुभव हुन्छ भनी सोद्धा ऋषिले 'मलाई हजुरले ऊँटको योनि प्रदान गरेर ठूलो अनुग्रह गर्नुभयो' 'भोक लागेका बेला जङ्गलका काँडा चपाउँछु र आनन्दसँग ब्रह्मचिन्तन गरेर बस्छु र मलाई यस योनिमा कुनै पनि कष्टको अनुभव छैन' भनी उत्तर दिएछन् ।

ऋषिको कुराबाट पार्वती प्रभावित हुँदै भनिछन् 'ऋषिजी तपाइँ ज्यादै ठूलो ब्रह्मज्ञानी हुनुहुँदो रहेछ, यहाँको महत्व नबुझी मैले दिएको श्रापबाट मलाइ ठूलो पश्चात्ताप छ, अब म तपाइँलाई पुत्रका रुपमा प्राप्त गर्न चाहन्छु' पार्वतीको आज्ञालाई स्वीकार गरी सनतकुमारले पार्वतीबाट जन्म ग्रहण गरेकाले स्कन्दमाता नाम रहन गएको भन्ने कथा पाइन्छ । स्कन्दको अर्थ सनतकुमार रहेको छ। स्कन्दमाताको प्रतिमा लक्षणमा यिनी सिंहाशनमा बसेकी तथा दुवै हातले कमलपुष्प समाएको हुने विवरण पाइन्छ।

छान्दोग्य श्रुतिका अनुसार भगवतीको शक्तिबाट उत्पन्न भएकाले सनत्कुमारको नाम स्कन्द रहन गएको हो । स्कन्दको माता भएकाले पार्वतीलाई नै स्कन्दमाताका नामले कहलाउनु भएको हो।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधनागरीपूजा गरेमा शक्ति,ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडा दसैं पर्व मनाउँछन् ।

नवरात्रको पहिलो दिन असोज १० गते सोमबार दसैं घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन मङ्गलबार पूजास्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन बुधबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो । चौंथो दिन बिहीबार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो । पाँचौं दिन आज स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गर्न लागिएको हो ।

दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा पनि भनिन्छ ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवम् दर्शन गर्ने भक्तजनको भीड लाग्छ । यस अवसरमा राजधानी र राजधानी बाहिरका शक्तिपीठमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ । नवरात्रका अवसरमा शक्तिपीठमा गई पूजा, आराधना एवम् दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने, पारिवारिक सुख शान्ति एवम् ऐश्वर्य प्राप्त हुने धार्मिक विश्वास रही आएको छ । नवरात्रको पाँचौं दिन आइपुग्दा शक्तिपीठमा पनि भीड बढ्न थालेको छ ।

# निती विनाका नेताहरु

सिजन चुनावको छ । मंसिर ४ गते प्रदेश र प्रतिनिधि सभाको चुनाव हुँदैछ । सिजनमा आँप फल्छ । सिजनमा खेत रोपिन्छ । सिजन अनुसार पर्व-त्यौहार आयोजन हुन्छन् । सिजनमै कुकुर बौलाउँछ अनि सिजनमै नेताजीहरु पनि बौलाउँछन् । बौलाउँनुसंग मेरो तात्पर्य मगज बिग्रिनुसंग छैन । मैले भन्न खोजेको हो- चुनावको मौसममा नेताजीहरुको अनपेक्षित उछल-कूद,दौड-धूप,झूठ-मूठको भाषणवाजी र दल-बदलसंग छ । चुनावको सिजन नभएको भए-एमाले अध्यक्ष केपी शर्मा ओली एक महिनाभित्र चार चार चोटी मधेश झर्नु हुन्थियो ? जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव जनकपुरधाममा डेरा जमाएर बस्नु हुन्थियो ? चार वर्षसम्म अनुहार देखाउँने फूर्सद नभएका राजेन्द्र महतो जनकपुरधाम र सर्लाहीको चक्कर लगाउँनु हुन्थियो ? महासेठ दम्पतिको लञ्च ईन काठमाण्डु,डाईन( डीनर)ईन जनकपुर हुन्थ्यो ?

चुनावको घोषणाले नेताजीहरुसंग आम मतदाताको दरश-परश गर्ने मौका मिलाइ दिएको छ । पछिल्ला पाँच वर्ष सियालको सिंह जस्तै अलोप रहेका नेताजीहरु मधु मुस्कानका साथ घरदैलो पुग्दै छन् । आम जनताको बोलीमा बोली मिलाउँदै सुख-दुःखका कुरा बतियाउन थालेका छन् । कुशल-क्षेम पुछ्न थालेका छन् । वर्षौदेखि अलाप्दै आएका उही पुराना विकास निर्माण,मधेश र मधेशीको अधिकारको कुरा सम्झाउन थालेका छन् । अनि फिर्नेवेला दश औंला जोडेर मिनती गर्न थालेका छन्-' विकास निर्माण,मधेशके मुद्दा संवोधन आ कि कहाँदनके लेल अपन अमूल्य भोंट अवश्य देल जाय ।' सबै दलका नेताहरुले वर्षौदेखि दोहराइ राख्ने यस वाक्यबाट सुपरिचित मतदाताहरु रेडिमेड जवाफ दिन्छन्-' अपनेके भोंट नहि देबै त केकरा देबै ।' अनि नेताजीहरुका तालिम प्राप्त हनुमानजीहरु गगनभेदी नारा लगाउँछन् - फंल्ना नेता जिन्दावाद । जातपर नै पातपर भोंट दू फंल्ना छापपर .....।

आवधिक निर्वाचन लोकतन्त्रको गहना हो । निर्वाचनमार्फत आम मतदाता पाँच वर्षका लागी आफ्ना प्रतिनिधि चयन गर्छन । जनताद्वारा निर्वाचित जनप्रतिनिधि मार्फत व्यवस्थापिका संसद गठन हुन्छ । कार्यपालिका गठन हुन्छ अनि सरकारमार्फत जनताले विकास निर्माण,सुशासनआदि प्राप्त गर्छन । तर पञ्चायतकालदेखि संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थासम्म आम मतदाताले पटक पटक मतदान गरे । विभिन्न दलका नेताहरुलाई चुनाव जिताए । सरकार बनाउँन लगाए तर आम मतदाताको जीवनस्तरमा खासै परिवर्तन आएन । फूसको झुपडीमा खपडा र खपडाको छानामा छत ढलान भएको हुन सक्छ तर केही वर्ष अघिसम्म चप्पलमा देखिने नेताजीहरु पजेरोमा के गरी पुगे ? आम मतदाता बुझ्न सकेका छैनन । उही

ब्लग :



श्यामसुन्दर शशि

> मैथिलीमा एउटा उखान छ –सांझे खैली हर्रे आ पराते टोली.....किदन । दलबदल गर्ने नेताहरुसंग यो उखान ठ्याक्कै चरितार्थ हुन्छ । मन नमिल्ने नेतालाई तल्लो स्तरको गाली गलौज गर्न पनि पछि नपर्ने नेताहरु समयचक्रमा उही नेताको शरणागत हुन पुगेका छन् । हिजोसम्म गाली गरेकै नेताको कार्यकर्ता बन्दाको पीडा उनलाई नै थाहा होला ।

विकास निर्माण,मधेश र मधेशीको पहिचान र अधिकारको मुद्दा वर्षौपछि पनि किन दोहोरी रहेको छ ? मतदाता अलमलमा छन् ।

चुनावको घोषणासंगै मधेशमा दलबदलको ओइरो लागेको छ । स्थानीय निर्वाचनमा नराम्ररी पछाडिएका निर्माण व्यावसायी बलराम महतो जसपाको लागि धनुषा २ खाली देखेर जनता समाजवादी पार्टीमा प्रवेश गर्नु भयो । चुनाव घोषणा भएपछि लोकतान्त्रिक समाजवादी पार्टीका उमाशंकर अरगरिया नेकपा एमाले प्रवेश गरे । अरगरिया ईन हुने वित्तिकै प्रतिनिधिसभा निर्वाचनको तयारीमा रहेका गंगाराम यादव एमाले परित्याग गरी जसपामा प्रवेश गरे । अध्यक्ष महन्थ ठाकुरकी विश्वासपात्र चन्दा चौधरी लोसपा परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरिन । मधेश पृष्ठभूमिका अनेकौ नेता कार्यकर्ताहरु दल बदल गरे । गर्ने क्रम जारी नै छ ।

नेताजीहरु दलबदल किन गर्छन ?आम मतदाताबुझ्न नसकेको विषय हो । मधेश आन्दोलन ताका केपी शर्मा ओलीलाई निजी स्तरमै विरोध गर्ने उमाशंकर अरगरिया पार्टी प्रवेश कार्यक्रममा ओलीलाई दूरदर्शी राजनेताको संज्ञा दिनु भयो अनि उहाँकै नेतृत्वमा मुलुकमा विकासको मूल फुट्ने दाबी गर्नु भयो । अर्कोतर्फ हिजोसम्म एमाले अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नो आदर्श मान्ने केही वर्ष अघिसम्म आफ्नै निजी निवासमा भोजन आवासको व्यवस्थापन गर्ने गंगाराम यादव जसपा प्रवेश कार्यक्रममा अध्यक्ष उपेन्द्र यादवको नेतृत्व क्षमताको खुलेरै प्रशंसा गर्नुभयो र एमालेमा विधिको शासन नरहेको आरोप पनि लगाउनुभयो । मैथिलीमा एउटा उखान छ -सांझे खैली हर्रे आ पराते टोली.....किदन । दलबदल गर्ने नेताहरुसंग यो उखान ठ्याक्कै चरितार्थ हुन्छ । मन नमिल्ने नेतालाई तल्लो स्तरको गाली गलौज गर्न पनि पछि नपर्ने नेताहरु समयचक्रमा उही नेताको शरणागत हुन पुगेका छन् । हिजोसम्म गाली गरेकै नेताको कार्यकर्ता बन्दाको पीडा उनलाई नै थाहा होला ।

# बज्जिका भाषाका दुई पत्रिकाको लोकार्पण

टुडे समाचारदाता

रौतहट । बज्जिका साहित्य संगमको सातौं वार्षिकोत्सवको अवसरमा बज्जिका भाषाका दुई पत्रिकाको लोकार्पण गरिएको छ ।



नेपालमा बज्जिका भाषाको पहिलो साहित्यिक पत्रिका बज्जिकार्पणको छब्बीसौं र सर्लाहीबाट प्रकाशित पहिलो साहित्यिक त्रैमासिक बज्जिकाको सातौं अंकको गरुडा नगरपालिकाका प्रमुख कन्थमनि प्रसाद कलवार, पूर्व प्रमुख जिल्ला अधिकारी डा. कमलेश्वर कुमार सिन्हा, पूर्व जिल्ला शिक्षा अधिकारी बालदेव प्रसाद साह तथा मलंगवाका साहित्यकार रामचन्द्र महतो कुशवाहाले संयुक्त रुपले पत्रिकाको लोकार्पण गरेका छन् ।

सो अवसरमा नगर प्रमुख कलवारले मातृभाषा बज्जिकालाई चिनाउन बज्जिका साहित्य संगम र साहित्यिक पत्रिकाहरुले ठूलो भूमिका निर्वाह गरेको चर्चा गरे ।

कार्यक्रममा बज्जिका समृद्धि समाज सर्लाहीका अध्यक्ष जियालाल राय यादव, नवसर्जक साहित्य चौतारी मधेश प्रदेशकी अध्यक्ष रुबि गुप्ता, नेपाल साहित्यिक पत्रकार संघ मधेश प्रदेशका अध्यक्ष सञ्जय साह मित्र, साहित्यकार विन्दा साहनी, मनमोहन सिंह मनोहर, विपिनबिहारी सिंह, नेपाल चलचित्र कलाकार संघको मधेश प्रदेश अध्यक्ष विजय यादव निर्बिज, साहित्यकार ममताज राय भाट, गायक कुमार चन्दन, रवीन्द्र पटेलसहित दर्जनौ भाषा तथा साहित्यानुरागीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बज्जिका साहित्य संगमलाई विशिष्ट सहयोग गरेवापत पर्साका समाजसेवी बालदेव प्रसाद साहलाई प्रशंसापत्रले सम्मानित गरिएको थियो । यसै गरी झिझिया गीत प्रस्तुत गर्ने कलाकारहरुलाई नगर प्रमुख कलवारले नगद तथा गमछा ओढाएर सम्मानित गरेका थिए ।

# मैथिली भाषा संरक्षणका लागि ज्ञापनपत्र



टुडे समाचारदाता

जनकपुरधाम । पाँच वटा संस्थाले मैथिली भाषाको संरक्षण, सम्वर्द्धन गर्न ज्ञापनपत्र बुझाएका छन् । मैथिली साहित्यकार सभा, मिथिला नाट्य कला परिषद्, रामान्नद युवा क्लव, रंग बाटिका र मैथिली विकास कोषद्वारा पन्ध्र बुंदे माग राख्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमूख मनोज साहलाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा आधारभूत तहमा मातृ भाषा पठ्नपाठन हुनुपर्ने, मैथिली विषयको शिक्षक विद्यालयमा नियुक्ति गर्नुपर्ने, कामकाजी भाषा मैथिली तोक्नु पर्ने र लिपिको संरक्षण, सम्वर्द्धन गर्न एक करोड रुपैयाँको अक्षय कोष स्थापना गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै, नगरको सडक र चोकको नामकरण विभूतिहरुको नाममा गर्नुपर्ने, शहीद प्रवेश द्वारको नाम परिमार्जन गनुपर्ने, मिथिला आन्दोलनका शहीदको स्मारक निर्माण र बजारमा मैथिली भाषामा विज्ञापन गर्नुपर्ने लगायतका मागहरु ज्ञापनपत्रमा उल्लेख छ ।

# जनकपुर कम्युनिटी कलेज सञ्चालनमा

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा जनकपुर कम्युनिटी कलेज (जेसीसी) सञ्चालनमा आएको छ । जनकपुरधाम उपमहानगरपालिका ८ रामानन्द चोकमा पूर्वाञ्चल विश्वविद्यालयबाट बीआईटीको सम्बन्धन पाएसँगै जेसीसी सञ्चालनमा आएका छन् ।





मधेशमा खस्किदै गएको प्राविधिक शिक्षालाई उकास्न सामुदायिक स्तरबाट स्थापना गरिएको जेसीसीको सञ्चालन जनकपुर कम्युनिटी डेभलोपमेन्ट फाउण्डेशन (जेसीडीएफ)ले गरेको छ ।

यसै शैक्षिक सत्रबाट बीआईटीको अध्ययन अध्यापन सुरु हुँदैछ । भर्ना प्रक्रिया पनि सुरु भएको क्यामप्स प्रमुख डा. सोहन साहले जानकारी दिए ।

उनका अनुसार जेसीसीले अन्य विषयहरुमा पनि सम्बन्धन पाउने प्रक्रियामा रहेको छ । मधेशमा ब्याचलर लेभेलमा एग्रिकल्चर र फोरेष्ट्री पढ्ने विद्यार्थीको संख्या अत्याधिक भए पनि मधेशमा यस्तो कलेज थिएन । विद्यार्थीको चाहनालाई पूरा गर्न जेसीसीको स्थापना गरिएको बताइएको छ ।

सामुदायिक कलेज भएकोले न्यूनतम् शुल्कमा सबै वर्गका विद्यार्थीहरुलाई पढ्ने वातावरण दिइने कलेज प्रमुख डा. साहले जनाए ।

पालिकाहरुसँग सहकार्य गरेर गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति पनि दिने तयारी भइरहेको उनले बताए । कतिपय पालिकाहरु आफ्ना पालिकाका विद्यार्थीहरुलाई जेसीसीमा पढाउन छात्रवृत्ति दिन समेत तयार भएका छन् ।

आगामी शैक्षिक सत्रदेखि एग्रिकल्चर, फोरेष्ट्री र एलएलबीसमेत अध्ययन अध्यापन सुरु हुने जानकारी दिदै प्रमुख साहले भने, 'जेसीसी सामुदायिक प्रयासबाट चल्ने कलेज भएकोले सामुदायिक स्तरबाटै आर्थिक संकलन गरी कलेज सञ्चालन हुनेछ । पालिकाबाट छात्रवृत्ति र व्यवसायिक क्षेत्रबाट पनि सहयोग खोजेर न्यूनतम् शुल्कमा सबै वर्गका विद्यार्थीहरुलाई पढ्ने मौका दिइने छ ।'

# घरदैलो स्वास्थ्य कार्यक्रम

टुडे समाचारदाता

पोखरीया । वीरगञ्ज महानगरपालिकाले नगरवासीको घरदैलोमै स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यले 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' अभियान लाई निरन्तरता दिएको छ । गत भाद्रदेखि वडा नम्बर ३० बाट सो कार्यक्रम शुभारम्भ गरिएको हो ।



हालसम्म महानगरपालिका वडा ३०, ३१ र ३२ गरी तीन हजार एक सय ८२ स्थानीयवासीको जाँच गरिएको अभियानमा सहभागी चिकित्सक उमेश सर्राफले बताए ।

वडा ३२ मा एक हजार एक सय १० को स्वास्थ्य जाँच गरिएको छ । स्थानीय तहको निर्वाचनका बेला मेयर राजेशमान सिंहले गरेका चुनावी प्रतिबद्धता अनुसार, 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' सुरु गरी निरन्तर जारी गरिएको मेयर सिंहले बताएका छन् ।

घरदैलोमै सबै खालका जाँच हुने गरी स्वास्थ्य सेवा पुगेपछि स्वास्थ्य जाँच गराउन आउने सेवाग्राहीको भीड लाग्ने गरेको अभियानमा सहभागी स्वास्थ्यकर्मी अनिसकान्त कुशवाहाले जानकारी दिए । खासगरी वृद्धवृद्धा, गर्भवती तथा अन्य स्वास्थ्य समस्या भएका महिला कार्यक्रमस्थलमा जाँच्न आउने गरेको चिकित्सक जिन्नतुन नेशाले बताए ।

जाँचका लागि आउने स्थानीयवासीले ग्रामीण भेगबाट वीरगञ्ज आउजाउ गर्न आर्थिक खर्चलगायत अन्य व्यवस्थापनमा समस्या भइरहेको बेला घरआगनमै व्यवस्थित सम्पूर्ण सुविधासहित स्वास्थ्य जाँच सुविधा पाउँदा खुसी लागेको बताएका छन् ।

'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' मा नगरवासीलाई चिकित्सकीय परामर्श, प्रयोगशाला सेवा तथा औषधि निःशुल्क वितरण भइरहेको छ । घरदैलो स्वास्थ्य अभियान ३२ वटै वडामा सञ्चालन गरिने जनाइएको छ ।

# हतियार बुझाउन अनुरोध

टुडे समाचारदाता

जनकपुरधाम । आसन्न निर्वाचनलाई लक्षित गरी हतियार बुझाउन प्रशासनले सूचना जारी गरेको छ ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय धनुषाले सर्वसधारणलाई कार्तिक ५ गतेभित्र हतियार बुझाउन अनुरोध गरेको छ । मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई भरपर्दो र विश्वसनीय बनाउन इजाजत प्राप्त हातहतियार बुझाउन अनुरोध गरिएको छ ।

'इजाजत प्राप्त हतियारहरु ०७९ कार्तिक ५ गतेभित्र नजिकको प्रहरी इकाइमा लगत राख्ने गरी हातहतियार बुझाउन सम्बन्धित जिल्लाबासीलाई अनुरोध गरिएको छ ।

समयमा हतियार नबुझाउनेलाई कानूनी कारवाहीसमेत गरिने जनाइएको छ ।

# करेन्ट लागेर एक व्यक्तिको मृत्यु

टुडे समाचारदाता

राजविराज । सप्तरीको छिन्नमस्तागाउँपालिकाको ललापटीमा शुक्रबार करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा छिन्नमस्ता-४ ललापटी बस्ने ५० वर्षीय नारायण यादव रहेको प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिए ।

घरदेखि टाढा गाउँकै खेतबारीमा कृषि मिटरद्वारा जडान गरिएको पानी तान्ने मोटरमा करेन्ट लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा परीक्षणका लागि पठाइएको छ भने घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौ

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार वा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८